
फागुन - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


| वर्ष २४, अङ्क २२ | २०७२, फागुन १६–३० | पूर्णाङ्क ५६८ |
|---|---|---|


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री सुदर्शनप्रसाद आचार्य
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

---

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | ५ |
| संयुक्त इजलास | ६ |
| इजलास नं. १ | ८ |
| इजलास नं. २ | ६ |
| इजलास नं. ३ | १३ |
| इजलास नं. ४ | ७ |
| इजलास नं. ५ | ७ |
| इजलास नं. ८ | २ |
| इजलास नं. ९ | २ |
| एकल इजलास | १ |
| जम्मा | ५७ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, फागुन – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-४** |
| १. | उत्प्रेषण / परमादेश | मालचन्द दुगडसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २. | उत्प्रेषण / परमादेश | राजेन्द्रप्रसाद पौडेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **४-९** |
| ३. | उत्प्रेषण / परमादेश | चन्द्रमाया श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत | |
| ४. | उत्प्रेषण | सोमेन्द्र गौतमसमेत वि. नेपाल संस्कृत विश्वविद्यालय, केन्द्रीय कार्यालय, बेलझुण्डी, दाङसमेत | |
| ५. | उत्प्रेषण / परमादेश | अधिवक्ता सल्लु तिवारी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ६. | कर्तव्य ज्यान | सानु आले भन्ने प्रशान्त तामाङसमेत वि. नेपाल सरकार | |
| ७. | कर्तव्य ज्यान | कमला भुसाल वि. नेपाल सरकार | |
| ८. | कर्तव्य ज्यान | नेप्टीमाया तामाङ वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **९-१५** |
| ९. | उत्प्रेषण | मोतीराम आचार्य वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत | |
| १०. | अदालतको अवहेलना | नानीराम हुमागाईं वि. गृह सचिव अनिलकुमार घिमिरे | |
| ११. | लेनदेन | महेश्वर प्रधान (श्रेष्ठ) वि. सिद्धार्थ फाइनान्स लिमिटेड | |
| १२. | छुट जग्गा दर्ता हक कायम | विश्व भन्ने केशवप्रसाद कोइराला विरुद्ध युवराज भन्ने बद्रीप्रसाद पोखरेल | |
| १३. | बन्दी प्रत्यक्षीकरण | विष्णुप्रसाद कोइराला वि. कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत | |
| १४. | जग्गा तेरो मेरो | दिवाकर बास्तोला वि. गम्बीरा कार्कीसमेत | |
| १५. | उत्प्रेषण / परमादेश | राजन सिलवालसमेत वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत | |

| | | |
|---|---|---|
| १६. | सरकारी कागज किर्ते | नेपाल सरकार वि. टेकबहादुर बस्नेत |
| **इजलास नं. २** | | **१५-२२** |
| १७. | लागु औषध (खैरो हेरोइन) | दुखीप्रसाद साह वि. नेपाल सरकार |
| १८. | कर्तव्य ज्यान | दानबहादुर सुनुवारसमेत वि. नेपाल सरकार |
| १९. | कर्तव्य ज्यान | लल्ला भन्ने करण ऋषिदेवसमेत वि. नेपाल सरकार |
| २०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजेन्द्रप्रसाद अछङवोसमेत |
| २१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. किरण पोखरेलसमेत |
| **इजलास नं. ३** | | **२२-३१** |
| २२. | उत्प्रेषण | जंगवीर राईसमेत वि. जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गासमेत |
| २३. | उत्प्रेषण / परमादेश | रविन्द्रराज श्रेष्ठ वि. सुर्खेत उपत्यका नगर विकास समिति, विरेन्द्रनगर सुर्खेतसमेत |

| | | |
|---|---|---|
| २४. | निषेधाज्ञा | अर्जुनकुमार खड्का वि. जिल्ला प्रहरी कार्यालय, सर्लाही मलङ्गवासमेत |
| २५. | लागु औषध खैरो हेरोइन | राजेन्द्र खड्गीसमेत वि. नेपाल सरकार |
| २६. | उत्प्रेषण / परमादेश | कमलप्रसाद इँटेनी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| २७. | लेनदेन | दीपक खतिवडा वि. कृष्णमाया खुलाल |
| २८. | लागु औषध (गाँजा) | लखनराय यादव वि. नेपाल सरकार |
| २९. | मोही नामसारी गरिपाउँ | राजकिशोर राय वि. राम सुन्दर यादवको मु.स. गर्ने पल्टीदेवीसमेत |
| ३०. | मानव बेचबिखन तथा ओसारपसार | शोभा चौधरीसमेत वि. नेपाल सरकार |
| ३१. | उत्प्रेषण / परमादेश | राजेन्द्र के.सी. वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत |

| | | |
|---|---|---|
| ३२. | उत्प्रेषण / परमादेश | केदार बराल वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत |
| ३३. | भ्रष्टाचार | नेपाल सरकार वि. देवीलाल राय अमात |
| इजलास नं. ४ | | ३१-३५ |
| ३४. | अंश दपोट | प्रेमलाल लोध वि. औधराजी लोध |
| ३५. | उत्प्रेषण | उद्धवप्रसाद पनेरू वि. निजामती किताबखानासमेत |
| ३६. | अंश दर्ता | बनु साह सोनार वि. बच्चा साह सोनारसमेत |
| ३७. | जालसाज | शम्भु राउत कुर्मीसमेत वि. बच्चा साह सोनारसमेत |
| ३८. | कर्तव्य ज्यान | अर्जुनकुमार विष्ट वि. नेपाल सरकार |
| ३९. | सम्पत्ति शुद्धीकरण | दावा टासी लामा वि. नेपाल सरकार |
| ४०. | निषेधाज्ञा | सत्यनारायण मण्डल वि. रामनारायण रजकको हकमा श्रीमती मनतोर साफी |

| इजलास नं. ५ | | ३५-४० |
|---|---|---|
| ४१. | कर्तव्य ज्यान | कृष्णबहादुर नेपालीसमेत वि. नेपाल सरकार |
| ४२. | उत्प्रेषण / परमादेश | युखबहादुर लिम्बूसमेत वि. जिल्ला शिक्षा कार्यालय, तेह्रथुम र सोका प्रमुखसमेत |
| ४३. | निषेधाज्ञा | सत्यनारायण पासीसमेत वि. जिलेदार पासी |
| ४४. | लागु औषध | Baba Umoru वि. नेपाल सरकार |
| ४५. | उत्प्रेषण / परमादेश | तेजनाथ रिजालसमेत वि. जिल्ला विकास समितिको कार्यालय, पर्वत कुश्मासमेत |
| ४६. | वैदेशिक रोजगार ठगी | दानबहादुर शाही वि. नेपाल सरकार |
| ४७. | उत्प्रेषण / परमादेश | रघुनाथ राउत कहिरको मु.स. गरि आफ्नो हकमा समेत परमा राउत अहिरसमेत वि. मंगल मतीया देवीको मु.स. गर्ने राजाप्रसाद यादवसमेत |

| | | |
|---|---|---|
| **इजलास नं.८** | | **४०-४२** |
| ४८. | कर्तव्य ज्यान | टंकबहादुर लिम्बू वि. नेपाल सरकार |
| ४९. | लेनदेन | रूद्रबहादुर हुमागाई वि. हरेकृष्णप्रसाद सिंह |
| **इजलास नं.९** | | **४२-४३** |
| ५०. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. शर्मीला मैनालीसमेत |
| ५१. | उत्प्रेषण / परमादेश | गोखुल महतो नुनियासमेत वि. जिल्ला प्रहरी कार्यालय, बारासमेत |
| **एकल इजलास** | | **४३-४४** |
| ५२. | उत्प्रेषण / परमादेश | महासागर अर्यालसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WS-००१२, उत्प्रेषण/परमादेश, जिल्ला कैलाली, मोहनपुर गौरा गा.वि.स.वडा नं.७ अवस्थित कोहिनुर एग्रो इन्डस्ट्रिजका साझेदार भई आफ्नो हकमा समेत काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३० बस्ने *मालचन्द दुगडसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि, २०६८ बमोजिमको सुविधा प्राप्त गर्नुपर्ने भनि जिकिर लिए पनि २०६९ भदौ मसान्तसम्म वस्तु निर्यात गरि २०६९ कात्तिक मसान्तसम्ममा नगद प्रोत्साहनका लागि उद्योग विभागमा निवेदन गर्नुपर्नेमा उक्त तोकिएको म्यादभित्र निवेदन दर्ता नगरि २०७०।१।७ मा मात्र निवेदन गरेको देखिन आएको छ। २०६८ सालको कार्यविधिले दिएको नगद प्रोत्साहनसम्बन्धी सुविधा कटौती गरि निरन्तरता नदिएको भए प्रश्न उठाउन मिल्ने थियो । तर प्रस्तुत विवादमा निवेदकले दाबी लिए जस्तो अवस्था देखिएको छैन। तोकिएको म्यादमा निर्यात गरि निवेदन दिएका र निर्यात गरे पनि तोकिएको म्यादमा निवेदन नदिएका हकमा सम्म फरक व्यवस्था गरेको देखिन आएको छ। २०६८ सालको कार्यविधिमा उल्लिखित सुविधा माग गर्न २०६९ भदौ मसान्तभित्र वस्तु निर्यात गरि २०६९ कात्तिक मसान्तभित्र निवेदन दिनुपर्ने सर्त छ। कानूनले तोकेको सर्त नमान्ने तर सुविधा माग गर्न मिल्ने भन्ने अर्थ गर्न मिल्दैन । कानूनको सुविधा माग गर्नेले कानूनका सर्त पनि पालन गर्नु पर्दछ। २०७० सालको कार्यविधिअनुसार सुविधा माग गर्न निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि, २०७० को दफा १४(४) ले निवेदकलाई बन्देज गरेकोसमेत नपाइने।

निर्यात अभिवृद्धि गरि व्यापार घाटा कम गर्दै सोधान्तर स्थितिमा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारबाट निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि जारी गरेको र यस कार्यविधिको प्रयोगबाट व्यापार प्रवर्द्धन हुने कुरालाई समेत आत्मसात् गरिएको छ । व्यापार प्रवर्द्धन गर्न नगद प्रोत्साहन दिने नदिने भन्ने वाणिज्य नीतिको कुरा हो। यो कुनै व्यक्ति, नागरिक वा संघ संस्थासँग आबद्ध संवैधानिक हकसँग जोडिएको विषय पनि होइन । व्यापारमा नगद प्रोत्साहनसम्बन्धी कुरालाई संविधानले कुनै प्रत्याभूति गरेको छैन। नेपाल सरकारले कार्यकारिणी अधिकारअन्तर्गत नीतिगत निर्णय लिई जारी गरेको नगद प्रोत्साहनको कार्यविधिमा संवैधानिक प्रश्न निहित रहेको नदेखिएकाले असंवैधानिक भनि चुनौती दिन मिल्ने अवस्था नदेखिने।

वस्तु निर्यात गर्दा निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि, २०७० को अनुसूची १ र २ मा उल्लिखित दरमा नगद प्रोत्साहन उपलब्ध गराइने र त्यसरी नगद प्रोत्साहन दिँदा न्यूनतम ३० प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्ने भनि वस्तु निर्यात गरेको यथार्थतामा आधारित नगद प्रोत्साहन दिने निर्णय लिनु संविधान विरूद्धको कुरा होइन। वस्तु निर्यात गरेकामा नगद प्रोत्साहन दिने नीति संविधानमा आधारित प्रत्याभूति नभएकाले कार्यविधिमा परिवर्तन गरि सरकारको विशेषाधिकारमा सीमा तोक्न तोकाउन खोज्नु मुनासिब हुन नआउने।

सारवान् विषय ऐनबाट नै निश्चित गर्ने गरिन्छ । तर नीतिगत कुरालाई व्यवस्थित गर्न जारी गरिएको कार्यविधिबाट सारवान् हक सिर्जित हुने

वा हक नैसर्गिक हुने पनि होइन । २०६८ सालको कार्यविधिले दिएको सुविधालाई २०७० सालको कार्यविधिले निरन्तरता नदिएको अवस्था पनि होइन। यसरी पहिले प्रदान गरेको सुविधालाई निरन्तरता दिई २०६८ सालको कार्यविधिलाई प्रतिस्थापन गरेको अवस्थामा उक्त कार्यविधि प्रतिस्थापन गर्न नहुने भन्ने निवेदकको कुनै तार्किक आधार भएको नदेखिने।

अतः नगद प्रोत्साहनसम्बन्धी २०६८ सालको कार्यविधिको सुविधा प्राप्त गर्न २०६९ भदौ मसान्तसम्म वस्तु निर्यात गरि २०६९ कात्तिक मसान्तसम्ममा उद्योग विभागमा निवेदन दिई सक्नुपर्ने कार्यविधिको सर्त निवेदकले पालन गरेको देखिएको छैन। निवेदकले बदर माग गरेको कानून कार्यविधिसम्म भएको हुँदा कार्यविधिबाट कसैको सारवान् हक हनन् नहुने भएबाट संवैधानिक परीक्षणको विषय हुन सक्ने भएन । निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि सरकारको वाणिज्य नीतिअन्तर्गत जारी गरिएको हुँदा सरकारको त्यस्तो नीतिगत विषयमा हस्तक्षेप गरि कार्यविधि बदर गर्न तथा सरकारको विशेषाधिकारमा सीमा तोक्न मुनासिब नहुँदा मागबमोजिम आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल जेठ ७ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७०-WS-००१३, उत्प्रेषण/परमादेश, *मालचन्द दुगडसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०७०-WS-००१४, उत्प्रेषण/परमादेश, *मालचन्द दुगडसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०७०-WS-००२८, उत्प्रेषण/परमादेश, *रतनलाल केडियासमेत वि. महानिर्देशक उद्योग विभागसमेत*

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-WS-००५७, उत्प्रेषण/परमादेश, *काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ मा अवस्थित डेभलपमेन्ट बैंकर्स एसोसिएसनको तर्फबाट अख्तियारप्राप्त भई आफ्नो हकमा समेत ऐ. का महासचिव राजेन्द्रप्रसाद पौडेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

वर्ग विभाजन गर्नुको बोधगम्य आधार र वर्ग विभाजन गरिएका संस्थाले प्राप्त गर्ने सुविधा बिच विवेकपरक सम्बन्ध छ र सो कुरा न्यायका मान्य सिद्धान्तविपरीत छैन भने त्यसरी गरिएको विभाजनमा परेका कुनै संस्थाले अर्कै हैसियत र भिन्न कार्य प्रकृतिको संस्थाको समान हुनुपर्ने भनि समानताको निरपेक्ष अर्थ गरि दाबी गर्न मिल्दैन। "क" र "ख" वर्गका संस्थाहरूको कार्यप्रकृति, संस्था दर्ता हुँदा स्वीकार गरेको सर्त र निजहरूले प्राप्त गरेको इजाजतपत्रको वर्गसमेत फरक रहेकाले फरक हैसियत भएका संस्थाले फरक सुविधा प्राप्त गर्ने कुराले समानताको हक उल्लङ्घन भएको भनि अर्थ गर्न मिल्ने नदेखिने।

संघ, संस्था, कम्पनी, परिषद्, कोष, विश्वविद्यालय आदि राज्यका निकायहरूले बैंक तथा वित्तीय संस्थासँग कारोबार गर्दा वा निक्षेप राख्दा नेपाल राष्ट्र बैंक वा 'क' वर्गको बैंक वा वाणिज्य बैंकसँग मात्र गर्नुपर्ने भनि जारी गरिएको विभिन्न ऐनहरूमा कानूनी प्रावधानहरूले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) ले प्रदान गरेको पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रताको हक हनन् गरेको

भन्ने जिकिर रहेतर्फ विचार गर्दा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) ले "ख" वर्गका वित्तीय संस्थाले ब्याज वा विना ब्याजमा निक्षेप स्वीकार गर्न तथा त्यस्तो निक्षेपको भुक्तानी दिने, आफ्नो ग्राहकको तर्फबाट जमानत पत्र जारी गर्ने र सोबापत ग्राहकसँग सर्त गराउने, सुरक्षण दिने, धितो बन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिन पाउनेलगायतका अन्य वित्तीय कारोबार गर्न पाउने अधिकार प्रदान गरेको देखिन्छ। उक्त अधिकारहरूको प्रयोगमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) तथा संघ, संस्था, कम्पनी, परिषद्, कोष, विश्वविद्यालय आदि निकायहरूसँग सम्बन्धित विषयगत विशेष ऐनले कुनै बन्देज लगाएको अवस्था छैन। संघ, संस्था, कम्पनी, परिषद्, कोष, विश्वविद्यालय आदि संस्थाका कानूनहरूले तोकेको बैंकमा निक्षेप राख्ने कुराले विकास बैंक वा अन्य वित्तीय संस्थाले निक्षेप लिन पाउने अधिकारमा कटौती भएको वा अङ्कुस लगाइएको भन्न नमिल्ने।

प्रचलित कानूनबमोजिम राज्यलाई प्राप्त हुने राजश्व, सरकारी वा सार्वजनिक रकम कानूनबमोजिम तोकिएको बैंकमा राख्नुपर्ने प्रावधानले विकास बैंकहरूलाई राज्यले हतोत्साहित गरेको भन्न पनि मिल्दैन । राज्यले नागरिक वा कुनै निजी संघ संस्थालाई आफ्नो निक्षेप कुनै निश्चित बैंक वा वित्तीय संस्थामा मात्र राख्न पाउने गरि कानून बनाई जारी गरेको भए निवेदकले दाबी गरेजस्तो हक हनन् हुने गरि कानून बनेको भन्न सकिने अवस्था हुने थियो, तर प्रस्तुत विवादमा निवेदकले दाबी गरेजस्तो त्यस्तो अवस्था छैन। नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५(१)(च) बमोजिम बैंकिङ तथा वित्तीय कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरि बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४७(२) बमोजिमको वित्तीय कारोबार गरि आएका निवेदक संस्थाहरूले "ख" वर्गको वित्तीय संस्थाले गर्न पाउने वित्तीय कारोबार गरि आएको भन्ने कुरा निवेदन लेखबाट नै देखिँदा निवेदकहरूलाई वित्तीय कारोबार गर्नबाट वञ्चित गरेको भन्ने देखिन नआएबाट निवेदकहरूको स्वतन्त्रताको हकमा असर परेको भन्न नमिल्ने।

राज्यले नागरिक वा कुनै निजी संघ संस्थालाई आफ्नो निक्षेप कुनै निश्चित बैंक वा वित्तीय संस्थामा मात्र राख्न पाउने गरि कानून बनाई जारी गरेको अवस्था छैन । "ख" वर्गका वित्तीय संस्था निवेदकहरूले नागरिक वा कुनै निजी संघ संस्थाबाट निक्षेप स्वीकार गर्न तथा त्यस्तो निक्षेपको भुक्तानी दिने, आफ्नो ग्राहकको तर्फबाट जमानत पत्र जारी गर्ने र सोबापत ग्राहकसँग सर्त गराउने, सुरक्षण दिने, धितो बन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिन पाउनेलगायतका अन्य वित्तीय कारोबार गर्न पाउने अधिकार प्राप्त भए रहेको अवस्थामा समेत व्यापार प्रवर्द्धन गर्ने हिसाबले मात्र सम्पत्तिको हकमा असर परेको भनि ऐन बदर माग गरेको निवेदकहरूको दाबीलाई वैधानिक दाबी भन्न नमिल्ने।

संघ, संस्था, कम्पनी, परिषद्, कोष, आयोग र विश्वविद्यालयसमेत ६० संस्थाका ऐनहरू जारी भई लागू भएका विधायनका कुनै प्रावधानहरू सम्बन्धी समस्या हो भने त्यस्ता समस्यालाई संशोधन गराई माग्न निवेदकहरू सम्बन्धित निकायमा जानुपर्ने हो तर सो पहल नगरि आफ्नो व्यापार प्रवर्द्धन गर्ने हिसाबले मात्र निवेदकहरूले ऐन बदर माग गरि अदालत प्रवेश गरेको देखियो । निवेदकहरूको संवैधानिक र कानूनी हकमा असर नपुगेसम्म अदालतले प्रचलित कानूनमा हस्तक्षेप गरि कानून बदर गर्न मिल्दैन । विधायिकाले आवश्यकताअनुसार विवेक प्रयोग गरि ऐनको संशोधन

र परिमार्जन गरि उपयुक्त कानून बनाउन र निवेदकले माग गरेको विषयमा उपयुक्तताको आधारमा सम्बोधन गर्न सक्ने नै हुँदा तत्काल मागबमोजिम आदेश जारी गर्नुपर्ने नदेखिएकाले विपक्षीहरूको नाममा आदेश जारी गरि रहन पर्ने अवस्था विद्यमान नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल जेठ ७ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०३०२, उत्प्रेषण / परमादेश, *चन्द्रमाया श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

रिट निवेदिकाले आमा बुद्धकुमारीबाट मिति २०३५।६।१३ को पारित बकसपत्र लिखतबाट विवादित कि.नं. १३०१ को जग्गाको हक हस्तान्तरण गरि लिएको र सो लिखत अद्यापि कायम रहेको देखिएको भै निजले भोगको जिकिरसमेत गरिरहेको देखिएको अवस्थामा आफ्नै कार्यालयबाट कानूनबमोजिम रजिस्ट्रेसन पारित भै कायम भएको स्रेस्ता प्रमाण र कारोबारसमेतका समग्र प्रमाणको मूल्याङ्कन गरि निवेदिकाका नाममा दाबीबमोजिम जग्गा दर्ता हुने नहुने भन्ने सम्बन्धमा निर्णय गरिदिनु पर्नेमा ती स्रेस्ता प्रमाणका सम्बन्धमा कुनै कुरा उल्लेख नै नगरि निवेदन दाबीलाई इन्कार गर्ने गरि विपक्षी मालपोत कार्यालयबाट भएका उल्लिखित निर्णयहरू कानून र न्यायसम्मत रहेको भनि मान्न नमिल्ने।

रिट निवेदिकाले पारित बकसपत्र लिखतसमेतका प्रमाण कागजात संलग्न गरि निवेदन दाबीको कि.नं. १३०१ को जग्गाको दर्ता छुट भएकाले छुट जग्गा दर्ता गरिपाउँ भनि निवेदन दिएकामा उक्त पारित लिखतका सम्बन्धमा कुनै कुरा उल्लेख नै नगरि सरकारको नाममा दर्ता भइसकेकाले पुनः व्यक्ति विशेषका नाममा दर्ता हुन नसक्ने भनि निवेदन तामेलीमा राख्ने गरि विपक्षी मालपोत कार्यालय, काभ्रेपलाञ्चोकबाट क्रमशः मिति २०६४।३।२८ र २०६७।८।२७ मा भएका निर्णयहरू कानूनसम्मत रहेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब यी निवेदिकाले दाबीको जग्गा छुट दर्ता गरि पाउँ भनि निवेदनसाथ पेस गरेका प्रमाण कागजातको मूल्याङ्कन तथा कानूनबमोजिम जे जो बुझ्नु पर्ने हो बुझी निवेदिकाका नाममा उक्त जग्गा दर्ता हुने नहुने सम्बन्धमा निर्णय गर्नु भनि विपक्षी मालपोत कार्यालय, काभ्रेपलाञ्चोकका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल मङ्सिर २५ गते रोज ६ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WO-०३११, उत्प्रेषण, *सोमेन्द्र गौतमसमेत वि. नेपाल संस्कृत विश्वविद्यालय, केन्द्रीय कार्यालय, बेलझुण्डी, दाङसमेत*

विश्वविद्यालय सभाबाट भएको निर्णय विश्वविद्यालयका लागि सामान्यतयाः अन्तिम रहन्छ र सो कायम भइसकेको निर्णयउपर कानूनबमोजिम बाहेक प्रश्न उठाउन सकिने अवस्था नरहने।

समानताको हकले निरपेक्षरूपमा सबैलाई समान व्यवहार गर्नु पर्छ भन्ने अर्थ बोध गर्ने नभई समान अवस्थाका व्यक्तिहरूका बिचमा मात्र समान व्यवहार गरिनु पर्छ भन्ने मान्यता राख्दछ। अवस्था समान

नरहेकामा आफ्नो हकको आधार सुनिश्चित नगरि उनाउ व्यक्तिको हकमा बिना हकदैया दाबी गर्न वा प्रश्न गर्न पनि मिल्दैन। विपक्षीले निवृत्तिभरण पाउने भएकाले आफूहरूले पनि पाउनुपर्छ भन्ने निवेदकहरूको भनाई कुनै कानून र तर्कमा आधारित रहेको देखिँदैन । न्युनतम् सेवा अवधि नपुगी निवृत्तिभरण दिन मिल्ने पनि नहुने।

आफ्नो हकको पुष्टि नगरि अरूको हकमा अनावश्यक इर्ष्या वा तुलना गरि अन्य व्यक्तिको हकमा असर पार्ने हिसाबले दाबी गर्न मिल्दैन । रिट निवेदकहरूले आफूहरूको समयावधि नपुगेको कारणले निवृत्तिभरण पाउन नसकेको भन्नेसम्म उल्लेख गरेको तर विपक्षीहरूको के, कुन र कहिलेको निर्णयबाट निवृत्तिभरण प्राप्त गर्न नसकेको हो सो कुरा पनि उल्लेख गर्न सकेको देखिँदैन । निवेदकहरूले आफूहरूको सेवा अवधि थप गर्न माग गरि कुनै निवेदन दिएको र त्यस्तो निवेदनमा कुनै निर्णय भएको भए सोउपर वा निर्णय नगरि दिएको भएमा सोउपर निवेदन दिन सक्नेमा सोतर्फ कुनै माग दाबी रहेको पनि देखिँदैन । नपुग अवधिको हकमा कानूनबमोजिम थप गरिदिएको वा जोडी दिएको वा अवधि पुर्‍याएकामा बाहेक अवधि नपुग भए पनि निवेदकहरूलाई निवृत्तिभरण पाउन माग गर्न र त्यस्तो मागको हकमा आदेश जारी गर्न मिल्ने हुँदैन। अर्कोतर्फ विश्वविद्यालय सभाको क्षेत्राधिकारमा अनुचितरूपमा प्रवेश गरि रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने पनि नदेखिने हुँदा विपक्षी विदुरप्रसाद पौडेललाई निवृत्तिभरण प्रदान गर्ने गरि विपक्षी नेपाल संस्कृत विश्वविद्यालय सभाबाट मिति २०७१।६।३ मा भएको निर्णयबाट रिट निवेदकहरूको के कस्तो हक अधिकारमा आघात पुग्न गएको हो सो कुराको स्पष्ट दाबी गर्न नसकेको र आफ्नो हकमा स्पष्ट दाबी नगरि अर्काले पाएको सेवा सुविधाउपर इर्ष्यापूर्ण तवरले दायर हुन आएको प्रस्तुत रिट निवेदनमा मागबमोजिम आदेश जारी हुनसक्ने अवस्था देखिन नआउने।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७२ साल मङ्सिर २२ गते रोज ३ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WO-१०६३, उत्प्रेषण / परमादेश, *अधिवक्ता सल्लु तिवारी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

ऐनले दिएको अधिकार प्रयोग गरि सरकारी जग्गाको समुचित व्यवस्थापन गर्नको लागि सरकारबाट जारी भएको कार्यनीतिलाई प्रथम दृष्टिमा शङ्काको घेरामा राखी हाल्न पर्ने अवस्था नहुने।

मूलतः नेपाल सरकारले कुनै सरकारी वा सार्वजनिक जग्गालाई उपयुक्तताको आधारमा लिज वा अन्य तरिकाबाट कुनै व्यक्ति संस्था वा निकायलाई उपलब्ध गराएको अवस्थामा त्यसबाट प्रचलित कानून वा सार्वजनिक हक वा कसैको मौलिक वा कानूनी हक हनन् भएको अवस्थामा कानूनबमोजिम हक प्रचलन गरि पाउन माग गर्नसक्ने अधिकार सुरक्षित नै रहेको हुँदा सरकारी जग्गाको उपयुक्तताको आधारमा व्यवस्थापन गर्नेसम्बन्धी कार्यनीतिबाट तत्काल कोही कसैको मौलिक वा कानूनी हक हनन् भएको वा सरकारी वा सार्वजनिक जग्गाको दुरूपयोग हुने अवस्था भएको मान्न नमिल्ने।

रिट निवेदकले सरकारी जग्गा दर्ता लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१ मा समावेश भएका कुनै खास व्यवस्थाको बारेमा प्रश्न उठाएको नभई सर्वसामान्यरूपमा सम्पूर्ण व्यवस्था नै खारेज गर्न माग गरेको देखिएको छ। उक्त कार्यनीतिमा

उल्लेख भएका व्यवस्थाहरूको अध्ययन गरि हेर्दा सार्वजनिक वा सरकारी प्रयोजनका लागि आवश्यक पर्ने सरकारी जग्गा लिजमा नदिइने, लिजमा दिइने जग्गाको विषयमा स्थानीय निकाय वा बासिन्दाको प्रतिक्रिया लिनुपर्ने, जग्गाको संरक्षणको सुनिश्चितता, ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक महत्त्वका स्थलहरूको मौलिकतामा असर नपर्ने प्रत्याभूति, त्यस्तै लिजमा दिइने जग्गा प्रकोप उद्धार तथा व्यवस्थापनका लागि आवश्यक नपर्ने भन्ने गृह मन्त्रालयको सिफारिस, त्यस्तो जग्गा स्थानीय निकायबाट सम्पादन गरिने कार्यका लागि आवश्यक नपर्ने भनि स्थानीय निकायको सिफारिस हुनुपर्ने लगायतका व्यवस्थाहरू समेटिएको देखिन्छ भने त्यस प्रयोजनका लागि छानबिन, सर्जमिन एवम् सिफारिस गर्ने निकायसमेतको व्यवस्था गरेको पाइन्छ । यसका अतिरिक्त नाफामूलक काम कारोबारमा लिजमा जग्गा उपलब्ध गराउने भएमा लिज रकमको सम्बन्धमा प्रतिस्पर्धा गराई जसले बढी लिज रकम तिर्न कबुल गर्दछ सो व्यक्ति, निकाय वा संस्थालाई लिजमा जग्गा उपलब्ध गराउने, लिजको रकम प्रतिस्पर्धा गर्न पत्र पत्रिकामा सूचना प्रकाशित गर्ने, लिज प्राप्तकर्ताले आफ्नो दायित्व पूरा नगरे लिज सम्झौता रद्द गर्न सकिने, अनुगमन तथा निरीक्षण गर्ने, वार्षिक प्रतिवेदन पेस गर्ने जस्तो विभिन्न आधारभूत व्यवस्थाहरू उक्त कार्यनीतिमा तोकिएको पाइने ।

विकास गतिविधि सञ्चालन गर्नलाई प्रवर्द्धक वा सम्बद्ध अन्य व्यक्तिले आयोजनाको प्रकृति हेरी सबै अवस्थामा ठूला परिमाण वा क्षेत्रफलमा निजी तौरमा आफ्नै वा अर्काको सम्पत्तिमात्र उपभोग गर्न सकिने अवस्था रहन्छ भन्न सकिँदैन । यस स्थितिमा ठूला विकास आयोजना वा पूर्वाधार निर्माण आयोजनाका लागि सरकारी क्षेत्रको सहयोग अपेक्षित रहन्छ । सोही आवश्यकतालाई मनन गरि नेपाल सरकारबाट उक्त कार्यनीति जारी भएको भन्ने विपक्षीहरूको जिकिर रहेको छ । वस्तुतः सरकारी जग्गाको उपयोगमा अतिशय नियन्त्रण गर्ने र राष्ट्रको पूर्वाधार विकाससम्बन्धी आयोजनालाई आवश्यक जग्गा उपलब्ध नगराउने अनि विकास र आयोजनाको प्राप्तिका आशा राख्ने कुरा विरोधाभाषपूर्ण हुन जाने ।

रिट निवेदकले निवेदन पत्रमा उक्त कार्यनीतिले सरकारी वा सार्वजनिक जग्गाको दुरूपयोग हुन जानेतर्फ चासो व्यक्त भएको कुरा मनन्योग्य भए पनि सरकार आफैँमा उत्तरदायिपूर्ण संस्था भई सरकारी वा सार्वजनिक सम्पत्तिको संरक्षणमा सरकार जिम्मेवारी पूर्णरूपमा सक्रिय रहेको मानिन्छ । सो नभएको अवस्थामा लोकतन्त्रमा जवाफदेहिता बहन गर्ने र गराउने धेरै उपायहरू हुन्छन् । सरकारले मालपोत ऐन, २०३४ को दफा २४(१) को प्रतिबन्धात्मक वाक्यांशको दुरूपयोग वा गैरकानूनी प्रयोग गरेको खण्डमा कानूनी प्रक्रिया स्वतः क्रियाशील हुन सक्दछ र सम्बद्ध निकायहरूले आ-आफ्नो कार्यक्षेत्रलाई क्रियाशील बनाउनु पर्ने हुन्छ । सरकारले आफ्ना जिम्माको सरकारी सम्पत्तिलाई गैरकानूनी उपयोग गरेको भन्ने अवस्थामा बाहेक कानूनद्वारा प्रदत्त अधिकार उपयोग गर्ने उसको अन्तर्निहित र कानूनी अधिकार हुने हुनाले गोश्वारा रूपमा र सरकारी संयन्त्रलाई अविश्वास वा शङ्काको भरमा हस्तक्षेप गर्न पनि नमिल्ने ।

उपर्युक्तानुसारको विवेचनाको आधारमा नेपाल सरकारबाट जारी भएको “सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१” मालपोत ऐन, २०३४ को दफा

२४(१) को प्रतिबन्धात्मक वाक्यांशले प्रदान गरेको अधिकारअन्तर्गत नै जारी भएको देखिएको र निवेदन दाबीबमोजिम उक्त कार्यनीतिको व्यवस्थाबाट सरकारी वा सार्वजनिक जग्गाको दुरूपयोग हुने अवस्था विद्यमान रहेको नदेखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

रिट निवेदन खारेज हुने ठहरे पनि नेपाल सरकारले जारी गरेको "सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१" को व्यवस्थाले सरकारी जग्गा व्यक्ति संस्था वा निकायलाई ५० वर्षसम्म लिजमा उपलब्ध गराउन सक्ने लगायतका व्यवस्था भएको सन्दर्भमा सरकारी जग्गा त्यसरी लिजमा उपलब्ध गराउँदा जवाफदेहिता र पारदर्शिता हुन अनिवार्य हुन जान्छ। उक्त कार्यनीतिको प्रस्तावनामा नै सरकारी जग्गाको उपयोगलाई प्रभावकारी बनाउने भन्ने उल्लेख भएको देखिएकाले सारभूतरूपमा उक्त उद्देश्य प्राप्तिको लागि नेपाल सरकारले लिजमा दिइने निर्णय भएको जग्गाको वस्तुगत विवरणको सार्वजनिक प्रकाशन एवम् प्रचारप्रसार गर्न वाञ्छनीय र उपयुक्त भएको देखिँदा उक्त कार्यनीतिबमोजिम कुनै व्यक्ति, निकाय वा संस्थालाई सरकारी जग्गा लिजमा दिएको काम कारवाही एवम् निर्णयको सार्वजनिकरूपमा प्रचार प्रसार एवम् प्रकाशनसमेत गर्नु र लिजमा दिएको जग्गा जुन प्रयोजनको लागि दिइएको हो सोबमोजिम नगरि दुरूपयोग गरेको वा लिजमा दिँदा नै गैरकानूनी कार्य भए गरेको भन्ने प्रकृतिको कुनै गुनासो वा उजुरी प्राप्त भएमा त्यस्तो विषयको सुनुवाई गरि निर्णय दिने संयन्त्रसमेत खडा गर्नु भनि विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल भदौ २७ गते रोज १ शुभम्।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-१४०८, १४०९, १४१०, १४११, १४१२, १४१३, कर्तव्य ज्यान, *सानु आले भन्ने प्रशान्त तामाङ वि. नेपाल सरकार, काल्टे भन्ने सोभित राई वि. नेपाल सरकार, सानु भोकमरी भन्ने रञ्जत मोक्तान वि. नेपाल सरकार, सहदेव श्रेष्ठ वि. नेपाल सरकार, लुरे भन्ने सविन राई वि. नेपाल सरकार, ठूलो भोकमरी भन्ने विष्णु सोनाम परियार वि. नेपाल सरकार*

प्रतिवादी सहदेव श्रेष्ठको साथबाट मृतकको डायरी फेला परेको भन्ने बरामदी मुचुल्का मिसिल संलग्न रहेको समेत पाइयो। यसबाहेक प्रतिवादीहरू सहदेव श्रेष्ठ, सविन राई, सोभित राई, र प्रशान्त लामाले लगाएको कपडामा लागेको रगत परीक्षण गर्न पठाउँदा केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाको मिति २०६७।९।२२ को परीक्षण प्रतिवेदनमा सो कपडामा मानव रगत भेटिएको भन्ने उल्लेख भएको पाइन्छ। यसबाट प्रतिवादीहरू उक्त वारदातमा संलग्न नरहेको भन्ने प्रतिवादीहरूको जिकिर खण्डन हुन पुगेको छ। प्रतिवादीहरूमध्ये कसैले मृतकको हात खुट्टा समात्ने र कसैले प्रहार गरेको भन्ने प्रतिवादीहरूको अनुसन्धानको बयानलाई यी माथि उल्लिखित विभिन्न प्रमाणहरूले समर्थित गरेको पाइँदा प्रतिवादीहरू उपरको कसुर ठहर गरि भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला अन्यथा देखिएन। उक्त अदालतको मिति २०६८।११।१६ को फैसला सदर हुन्छ। प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

पुनरावेदन अदालतबाट जन्मकैदको सजाय कायम भई अ.बं. १८८ नं. बमोजिम प्रतिवादीहरू सहदेव श्रेष्ठ, सोभित राई, सविन राई, प्रशान्त लामा र रञ्जित मोक्तानको हकमा १२(बाह्र) वर्ष कैद सजायको राय

भएको सन्दर्भमा विचार गर्दा उक्त अदालतले पूर्वयोजना र रिसइवी भएको नदेखिएको, प्रतिवादीहरू कलिला उमेरको भएको, बन्दुक वा यस्तै जोखिमी हतियारको प्रयोग नभएको भन्ने आधारमा घटी सजायको प्रस्ताव गरेको पाइयो । वस्तुतः अ.बं. १८८ नं. को प्रयोग प्रतिवादीले आर्थिक वा सामाजिक कारणले वा अरू कुनै बाध्यतामा परी मार्न नचाहँदा नचाहँदै पनि मारेको छ छैन भनि घटनाको सूक्ष्म मूल्याङ्कन गरि गर्नुपर्ने हुन्छ। रिसइवी नहुँदैमा, कलिलो उमेर हुँदैमा वा मार्नमा प्रयोग गरेको वस्तु जोखिमी नहुँदैमा गरेको अपराधको गम्भीरतामा कमी आउँदैन। निरपेक्षरूपमा भन्नु पर्दा यी आधारहरू अ.ब. १८८ नं. को प्रयोगका लागि पर्याप्त र मनासिब हुँदैन । यो कानूनी व्यवस्थाको प्रयोग गर्दा राज्यले कसुरदारप्रति लिएको दण्ड नीतिको उद्देश्य मर्माहत भएको हुनु हुँदैन । प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरू सबैजना मिली मृतकलाई चोट प्रहार गरि मारेको स्थिति छ । मृतकसँग रहेको रूपैयाँ लिने उद्देश्यले सबै पुनरावेदक प्रतिवादीहरू मिली सामूहिकरूपमा सक्रिय भई मृतकलाई प्रहार गरेको हुँदा यी प्रतिवादीहरूलाई लागेको सजाय कम गर्नुपर्ने कुनै औचित्य देखिएन। सामूहिकरूपमा योजनाबद्ध ढङ्गले मृतकलाई चोट पुर्‍याई मारेको अवस्थामा अ.ब. १८८ नं. को प्रयोग हुन नसक्ने हुँदा प्रतिवादीहरू सहदेव श्रेष्ठ, सोभित राई, सविन राई, प्रशान्त लामा र रञ्जित मोक्तानको हकमा १२(बाह्र) वर्ष कैद सजाय गर्ने भनि गरिएको पुनरावेदन अदालत, हेटौंडाको मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम ठहर गरेको राय कायम हुन सक्दैन । मकवानपुर जिल्ला अदालतले प्रतिवादीहरूलाई जन्मकैद गर्ने गरि राखेको लगत कायम हुने।

इजलास अधिकृतः अनिलकुमार शर्मा

इति संवत् २०७२ साल असार ३० गते रोज ४ शुभम्।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-१३५२, कर्तव्य ज्यान, *कमला भुसाल वि. नेपाल सरकार*

प्रतिवादी कमला भुसाल मृतक जमुना भुसालकी बुहारी रहेको र निजको अन्तरजातीय विवाह भएकाले घरमा निजलाई कसैले मन नपराउने हुँदा निज माइततिर नै बस्ने गरेको तथ्य मिसिल संलग्न कागजातले देखाएको छ । यसबाट प्रतिवादी र मृतक पक्षबिच रिसइवी रहेको तथ्य देखिएको छ । अब मृतकको मृत्यु कसरी र कसको कारणले भएको भन्नेतर्फ हेर्दा कमला भुसालसमेतका ६/७ जना मानिस आई मलाई र मृतकसमेतलाई धारिलो हतियारले प्रहार गरेको भन्ने नारायण भुसालको कागज एवम् अदालतमा निज उपस्थित भई गरेको बकपत्रबाट देखिएको छ । नारायण भुसाल घटनाको प्रत्यक्षदर्शी रहेको कुरा निजलाई लागेको घा चोटको प्रकृति र त्यसको प्रतिवेदनबाट समेत देखिन्छ । नारायण भुसाल वारदात हुँदाको अवस्थामा घटनास्थलमा नै रहेको र निजले प्रतिवादीलाई आरोप लगाउनु पर्ने खास कारण प्रतिवादीले उल्लेखसमेत गर्न नसकेको अवस्थामा प्रत्यक्षदर्शी नारायण भुसालको भनाइलाई प्रमाण ग्राह्य मान्नुपर्ने नै देखिन आयो । घाँटी काटिएको कारण मृतकको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदन रहेको र धारिलो हतियारले प्रहार गरेको भन्ने प्रत्यक्षदर्शी नारायण भुसालको बकपत्रको व्यहोरा छ। यसका अतिरिक्त भाइलाई र आमालाई मारेपछि आर्थिक व्यवहार पनि आफ्नो हातमा आउने र सुखसँग बस्न पाउने सोची कमलाले नै मेरो आमालाई मारेकी र भाइलाई घाइते बनाएकी हुन् भनि प्रतिवादीका लोग्ने धनप्रसाद भुसालले बकपत्र गरेको पाइन्छ । यसरी माथि उल्लिखित बकपत्रसमेतको व्यहोराबाट प्रतिवादी

कमला भुसालले मृतक जमुना भुसाललाई कर्तव्य गरि मारेको भन्ने लेखाएबाट निजहरूको उक्त भनाइलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिनुपर्ने नै देखिने।

प्रतिवादीको लोग्ने विदेशमा रहेको अवस्थामा घरका सदस्यबाट आफू अपहेलित अवस्थामा रहनु परेको स्थितिमा प्रतिवादीले आफ्नी सासू मृतक जमुना भुसाल र घटनाका घाइते भएका देवर नारायण भुसाललाई मारिदिने धम्की दिँदै आएकी भन्ने जाहेरीमा उल्लेख हुनुले पनि प्रतिवादीले मृतकलाई मार्नुपर्ने उद्वेश्य निहित भई वारदात घटाएको देखिन आएको हुँदा प्रतिवादी कमला भुसालले जमुना भुसाललाई कर्तव्य गरि मारेको पुष्टि भएको अवस्थामा प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर गरि भएको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा भन्न मिलेन। उक्त अदालतको मिति २०६८।९।२५ को फैसला मुनासिब नै हुँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अनिलकुमार शर्मा

इति संवत् २०७२ साल असार ३० गते रोज ४ शुभम्।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०१९३, कर्तव्य ज्यान, *नेप्टीमाया तामाङ वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा गाउँघरमा नराम्रो हुन्छ भनि खोल्सामा रहेको ढुङ्गाले नवजात शिशुको टाउकामा किच्याई कर्तव्य गरि मारेको तथ्यमा साबित भई बयान गरेको तथा निजको उक्त साबिती बयानलाई लास प्रकृति मुचुल्का तथा पोष्टमार्टम रिपोर्ट जस्तो स्वतन्त्र एवम् तथ्ययुक्त प्रमाणहरूले समर्थन गरेको देखिँदा यी प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान प्रमाणयोग्य देखिन आएकाले प्रतिवादीले नवजात शिशु जिउँदो जन्माई टाउको हात खुट्टामा ढुङ्गाले किच्याई शिशुको कर्तव्य गरि मारेको तथ्य पुष्टि हुन आयो। तसर्थ यी प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुरमा ऐ. को १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय गर्ने गरि पुनरावेदन अदालत, धनकुटाबाट मिति २०६८।१२।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीलाई ५ वर्ष कैद सजाय गर्न उपयुक्त हुने भनि व्यक्त भएको पुनरावेदन अदालत, धनकुटाको अ.ब.१८८ नं. बमोजिमको रायतर्फ विचार गर्दा यी प्रतिवादी नेप्टीमाया तामाङको लोग्ने आफूसँग नरहेको अवस्थामा देवर नाताका व्यक्तिसँग शारीरिक सम्पर्क भई गर्भ रहन गएको र सामाजिक लोक लज्जाबाट बच्ने नियतले नवजात शिशुलाई मारेको देखिएको तथा निजमा आश्रित अन्य नाबालक छोराहरूसमेत भएको परिस्थितिलाई मूल्याङ्कन गरि हेर्दा यी प्रतिवादीलाई कानूनबमोजिम सजाय गर्दा चर्को पर्न जाने हुँदा यी प्रतिवादीलाई ५ वर्ष कैद सजाय गर्ने राय कायम हुने ठहर्छ। सोहीअनुसार प्रतिवादीको नाममा लगत कस्न भनि संखुवासभा जिल्ला अदालतमा पठाइदिनू। आरोपित कसुरबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः अनिलकुमार शर्मा

इति संवत् २०७२ साल असार ३० गते रोज ४ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-WO-०४८५, उत्प्रेषण, *मोतीराम*

*आचार्य वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

आफू रहे बसेको जिल्लाको एक भागबाट अर्को भागमा सरूवा हुँदैमा स्वास्थ्य नियमावलीको नियम ३१ख (ङ) को विपरीत भयो भन्ने सो प्रावधानको कठोर व्यवस्था गर्नु हुँदैन । पचास वर्ष नाघेको कारणले कुनै शारीरिक वा मानसिक कमजोरी हुन गएमा वा कुनै गम्भीर रोग लागेमा त्यस्ता व्यक्तिको हकमा दुर्गम क्षेत्रमा उसलाई सरूवा गर्दा स्वास्थ्योपचार र निजको हेरचाहमा यथोचित व्यवस्थापन गर्न कठिनाई हुने हुँदा त्यस्ता व्यक्तिलाई सरूवा नगर्ने भन्ने उक्त प्रावधानको आशय हो । सबै अवस्थामा पचास वर्ष नाघेको कर्मचारीलाई दुर्गम क्षेत्रमा सरूवा वा पदस्थापन नगर्ने हो भने कतिपय अवस्थामा कर्मचारीको खटनपटन गर्न असम्भव पनि हुन सक्दछ । कर्मचारीले माग गरेको स्थानको आधारमा मात्र सरूवा गर्ने निर्णय गर्दा अपायक र दुर्गम क्षेत्रमा कोही जान नचाहने भएकाले राज्यद्वारा उपलब्ध गराउने सेवाको समान वितरण हुन सक्दैन । तसर्थ हरेक वर्गका भौगोलिक क्षेत्रमा कर्मचारीले काम गर्नुपर्ने हुन आउँदछ । यिनै कारणहरूले गर्दा राज्यले जनतालाई दिने सेवा सुविधाको नियमित उपलब्धताको लागि उपयुक्त कर्मचारी छनौट गरि सरूवा गर्ने अधिकार पाएको अधिकारीले कर्मचारीको सरूवा गर्न सक्ने ।

ट्रेड युनियन, २०४९ को दफा २३क मा उल्लेख भएअनुसार निवेदकको सरूवा निजको सहमतिबिना हुनु हुँदैन भन्ने जिकिरको प्रश्न छ, सो सम्बन्धमा उक्त दफा प्रतिष्ठानस्तरमा ट्रेड युनियनका कार्य समितिका पदाधिकारीहरूको सम्बन्धमा गरिएको व्यवस्था हो । निवेदक राष्ट्रियस्तरको ट्रेड युनियनको पदाधिकारी रहेको पनि देखिँदैन । तसर्थ यस सम्बन्धमा पनि निवेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा निवेदकको मागबमोजिम रिट जारी हुनुपर्ने अवस्था नदेखिएकाले रिट निवेदन खारेज हुन्छ । निवेदन खारेज हुने ठहरेकाले यस अदालतबाट भएको मिति २०७१।९।२३।४ को अन्तरिम आदेश स्वतः निष्क्रिय हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७२ साल असार ९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-MS-०००८, अदालतको अवहेलना, *नानीराम हुमागाईं वि. गृह सचिव अनिलकुमार घिमिरे, नेपाल सरकारसमेत*

अदालतको अवहेलना हुनलाई सो भएको स्पष्टरूपमा देखिनु पर्छ । अदालतको अवहेलना भयो भनेर दाबी लिनेले पनि सो कुराको स्पष्ट प्रमाण कागज प्रस्तुत गरि प्रमाणित गराउन सक्नुपर्छ । विपक्षी सशस्त्र प्रहरी बल प्रधान कार्यालय (शिशिर भवन), हलचोक काठमाडौंले पेस गरेको लिखित जवाफमा नै सर्वोच्च अदालतबाट जारी भएको अन्तरिम आदेशको जानकारी मिति २०७०।४।३२ मा प्राप्त भएपछि च.नं. १५७, मिति २०७०।५।२ गते नै मद्दती तथा सेवा निर्देशनालय, सशस्त्र प्रहरी बल प्रधान कार्यालयलाई पत्राचार गरि निवेदकको सरूवा बदर गरि सम्मानित अदालतको आदेशको अक्षरशः पालना गरिएको छ भन्ने उल्लेख भएबाट निवेदकको दाबीबमोजिम विपक्षीहरूबाट यस अदालतको आदेशको उल्लङ्घन हुने काम भएको रहेछ भन्न मिलेन । सशस्त्र प्रहरी बल प्रधान कार्यालय जस्तो जिम्मेवार निकायले नै लिखितरूपमा अदालतको आदेशलाई सम्मान गरेको र निवेदकको सरूवा बदर गरि सकिएको छ भन्ने उल्लेख गरेको पाइँदा विपक्षीबाट अदालतको आदेशको अपहेलना गरेको भन्न नमिल्ने हुँदा विपक्षीहरूले अदालतको आदेशको पालना गरेकै देखिएकाले

विपक्षीहरूलाई अदालतको अवहेलनामा कारवाही गरिपाउँ भन्ने निवेदकको निवेदन मागदाबी नपुग्ने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७२ साल जेठ ३२ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CI-१०८३, लेनदेन, *महेश्वर प्रधान (श्रेष्ठ) वि. सिद्धार्थ फाइनान्स लिमिटेड*

कर्जा लेनदेनको विषय रहेको देखिएको प्रस्तुत मुद्दामा मुलुकी ऐन, लेनदेन व्यवहार आकर्षित नहुने भन्न मिल्दैन । वादी सिद्धार्थ फाइनान्स लि. (वित्तीय संस्था) बाट महेशकुमार पाण्डेले हायर पर्चेज कर्जाअन्तर्गत मोटर साइकल लिएको भन्ने कुरामा विवाद देखिँदैन । त्यसरी कर्जा लिँदा महेशकुमार पाण्डेबाट कर्जा लिएको साँवा ब्याज भुक्तानी हुन नसकेमा त्यसको दायित्व आफ्नो हुने गरि प्रतिवादी महेश्वर प्रधान श्रेष्ठ जमानी बसेको कारण ऋणी महेशकुमार पाण्डेबाट समयमा कर्जा असुल हुन नसकेको हुनाले ऋण रकम असुल गरि पाउन वादीले मुद्दा दिएको देखिन्छ । इतलायनामाको म्यादमा उपस्थित भई महेशकुमार पाण्डेको तर्फबाट प्रतिउत्तर परेको अवस्था देखिँदैन । कर्जा लिँदाको सर्तअनुसार साँवा ब्याज बुझाउने दायित्व सर्वप्रथम प्रतिवादी महेशकुमार पाण्डेकै हुने कुरामा विवाद नभए पनि निजले ऋण तिर्ने दायित्व पूरा गर्न नसकेको अवस्थामा उक्त साँवा ब्याज तिर्ने बुझाउने दायित्व जमानी बस्ने व्यक्तिमा स्वतः नै सर्ने ।

महेशकुमार पाण्डेले हायर पर्चेज सम्झौता गरि लिएको मोटरसाइकल राजु पन्त भन्ने राजेन्द्र पन्तले फाइनान्सको साँवा ब्याजसमेत सकार्ने गरि खरिद गरेर प्रयोग गरिरहेकाले महेशकुमार पाण्डेबाट असुल हुन नसकेको ऋण राजेन्द्र पन्तबाट असुल गर्नुपर्ने हो आफूबाट होइन भनि प्रतिवादी महेश्वर प्रधानले पुनरावेदनमा जिकिर लिएको भए पनि प्रतिवादी राजेन्द्र पन्तले प्रतिउत्तर फिराउँदा नै आफूले खरिद गर्न खोजेको मोटर साइकलको नामसारी वादी सिद्धार्थ फाइनान्सले नगरेको कारण मोटरसाइकल नै खरिद गर्न नपाएको हुनाले वादी दाबीअनुसारको ऋण तिर्नेसम्बन्धी आफ्नो कुनै पनि दायित्व नरहेको भनि उल्लेख गरेको देखिन्छ । कर्जा लेनेदनमा सरोकार नै नभएको उनाउ व्यक्तिबाट वादीले कर्जा रकम असुल गर्न पाउँछ भन्न पनि नमिल्ने ।

राजेन्द्र पन्तको प्रतिउत्तरमा ऋणी प्रतिवादी महेशकुमार पाण्डेको सडक दुर्घटनामा मृत्यु भइसकेको भन्ने देखिएको भए पनि वादीको ऋण चुक्ता गर्ने दायित्वबाट महेशकुमार पाण्डे मुक्त भएको भन्न मिल्दैन । कर्जा लिने बेलामा नै ऋणीले साँवा ब्याज नतिरेमा आफूले तिर्ने भनि जमानी बसेको स्थितिमा सो ऋणको साँवा ब्याज तिर्ने बुझाउने दायित्व जमानीको सर्तअनुसार जमानी हुने व्यक्तिमा सर्दछ । ऋणी महेशकुमार पाण्डेले हायर पर्चेज कर्जामा लिएको मोटरसाइकल राजु भन्ने राजेन्द्र पन्तले किनेको र निजले साँवा ब्याज बुझाउन मन्जुर छु भनि कागज गरेको अवस्थामा वादीले निजबाट साँवा ब्याज उठाउन वा निजबाट मोटरसाइकल पक्राउ गरि लिलामसमेत गरि आफ्नो कर्जा उठाउनु पर्नेमा त्यतापट्टि नलागि मबाट वादीले साँवा ब्याज असुल गरि लिन पाउने अवस्था हुँदैन भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर भए पनि राजु भन्ने राजेन्द्र पन्तसँग वादी पक्षले कुनै कागज गराउन सकेको नदेखिदा केवल निवेदन दिएकै भरमा निजउपर ऋणको दायित्व सिर्जना हुने भन्न मिल्दैन । ऋण तिर्ने प्रथम दायित्व ऋणीकै हुन्छ र ऋणीबाट ऋण असुल हुन नसके जमानी हुने व्यक्तिबाट वादीले आफ्नो साँवा ब्याज असुल गरि लिन पाउने नै

हुदा सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा वादी दाबीबमोजिमको साँवा ब्याज रकम ऋणी महेशकुमार पाण्डेबाट वादीले भराई लिन पाउने र निजबाट असुल नभए प्रतिवादी महेश्वर प्रधान श्रेष्ठबाट भराई लिन पाउने ठहर्‍याई भएको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।६।४।२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल जेठ ३२ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-०४०१, छुट जग्गा दर्ता हक कायम, विश्व भन्ने केशवप्रसाद कोइराला विरूद्ध युवराज भन्ने बद्रीप्रसाद पोखरेल

विवादका जग्गाहरू हक कायम गरि दर्ता गरिपाउँ भन्ने सुरू माग दाबी भएको प्रस्तुत मुद्दामा पुनरावेदन अदालतले फैसला गर्दा हदबन्दीसम्बन्धी प्रश्न उठाई पर्न आएको मुद्दामा वादी दाबीबमोजिमको कुरामा निर्णय नगरि सम्बन्धित निकायमा सरोकारवाला पक्षले पहल गरेमा कानूनबमोजिम हुने भनि पन्छाएको देखिन आउँछ। वादीले दाबी गरेको विषयमा सबुद प्रमाणको रोहमा जे ठहर्छ निर्णय गरिदिनु पर्नेमा सोतर्फ प्रवेशै नगरि निर्णय नगर्न मिल्दैन। दाबी गरेको विषयमा इन्साफ गर्नुपूर्व इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध प्रमाण बुझी निर्णय गरिदिनु पर्ने हुन्छ। तसर्थ विवादका जग्गामा वादीको हक कायम गरि दर्ता गरिपाउँ भन्ने वादी दाबी नपुग्ने गरि मोरङ जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६४।५।१२ को फैसला मिलेको नदेखिँदा सो फैसला बदर हुने।

इजलास अधिकृत: टीकाभूषण घिमिरे

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल पुस २१ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-००७०, बन्दीप्रत्यक्षीकरण, *विष्णुप्रसाद कोइराला वि. कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

सरकार वादी भई चलेका विभिन्न मुद्दाहरूमा बिनोद कोइरालासमेतका व्यक्तिहरूलाई अभियोग लागी कसुर ठहर भएको रिट निवेदनसाथ संलग्न फैसलाका प्रतिलिपिहरूबाट देखिन्छ। बिनोद कोइरालाको वतन काभ्रेपलाञ्चोक जिल्ला, चौरीपोखरी गा.वि.स.वडा नं.५ स्थाथी वतन भई काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.३४ शान्तिनगर भन्ने देखिन्छ भने रिट निवेदकको वतन मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं.७ भन्ने देखिन्छ। यसरी हेर्दा नाम र वतनसमेत अलगअलग रहेको देखिन्छ । तर रिट निवेदकले अनुसन्धानको क्रममा गरेको बयान र अदालतको बयानसमेतमा आफू बिनोद कोइराला नै भनि सहिछाप गरेको भन्ने विपक्षीको लिखित जवाफबाट देखिन्छ । निजले आफू पटकपटक म विष्णुप्रसाद कोइराला हो भनि जिकिर लिएको भनि उल्लेख गरेका छन्। तथापि निजले भक्तपुर जिल्ला अदालतबाट कारागार कार्यालय डिल्लीबजारलाई थुनामा राख्न भनि पठाएको पत्रको पीठमा मिति २०६९।४।१ मा थुनुवा पुर्जी बिनोद कोइरालाकै नाममा बुझी हस्ताक्षर गरेको पाइन्छ। सो हस्ताक्षर र रिट निवेदनमा परेको निजको हस्ताक्षरमा समानता पनि देखिएकाले निवेदकले अदालती कारवाहीको प्रक्रियामा अदालतमा र कारागारमा रहँदासमेत बिनोद कोइरालाकै नाममा सहिछाप गरेको

खुल्न आउने।

रिट निवेदकलाई विपक्षी कार्यालयहरूले बिनोद कोइरालाकै नाममा अनुसन्धान गर्ने, मुद्दा चलाउने आदि कार्य गर्नु पछाडिको कारण पनि निवेदकले खुलाउन सकेको नपाइएको र निवेदकउपर सरकारी छाप दस्तखत किर्ते र नागरिकता मुद्दामा मिति २०६९।९।१८, सरकारी छाप दस्तखत किर्ते भन्ने एक अर्को मुद्दामा मिति २०७१।१।२८, नागरिकता किर्ते सरकारी कागज छाप दस्तखत किर्ते र ठगी मुद्दामा मिति २०७१।३।२४, सोही नाम गरेको अर्को मुद्दामा मिति २०७१।१।२८ मा सुरू अदालतबाट फैसला भएको देखिन्छ। यसरी २०६८ सालदेखि पक्राउ परी थुनामा रही कसुर ठहर हुँदाको अवस्थासम्म चुप लागी मिति २०७२।२।२० गतेका दिनमात्र बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दर्ता गराएको देखिन्छ । यसरी यति समय व्यतीत भइसकेपछि रिट निवेदन दिनु पर्नाको कारणसमेत निजले उल्लेख गर्न सकेको नपाइने।

अभियुक्त आफू नभएको भन्ने जिकिर लिनेले मुद्दाको कारवाही चल्दाको अवस्थामा नै सो कुराको जिकिर लिएको देखिने प्रमाण पेस नगरेसम्म निजको भनाइलाई विश्वसनीय मान्न सकिँदैन । नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको नाम र व्यक्तिलाई गाउँ समाजमा पहिचान गर्न सकिने नाम फरक हुन सक्ने सम्भावनालाई समेत नकार्न नसकिने हुँदा रिट निवेदकले पेस गरेको नागरिकता प्रमाणपत्रमा उल्लेख भएको र निज कैदमा बसेको सम्बन्धित मुद्दाको वतन र नाम फरक पर्दैमा ती मुद्दाको प्रतिवादी रिट निवेदक होइनन् भन्ने पुष्टि हुन नसक्ने हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७२ साल असार ११ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-CI-०३८५, जग्गा तेरो मेरो, *दिवाकर बास्तोला वि. गम्बीरा कार्कीसमेत*

नापी गोश्वाराले गरेको निर्णयउपर कुन माथिल्लो तहमा पुनरावेदन लाग्ने हो भन्ने सम्बन्धमा जग्गा नापजाँच ऐन, २०१९ मा स्पष्ट कानूनी व्यवस्था रहे भएको देखिँदैन । सम्बन्धित कानूनमा नै प्रस्तुत विवादको सम्बन्धमा नापी गोश्वाराको निर्णयउपर पुनरावेदन लाग्ने व्यवस्थाको अभाव देखिइरहेको परिप्रेक्ष्यमा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकामा सोही व्यवस्था आकर्षित हुने हुन्छ । उक्त ऐनको दफा ६(९) बमोजिम जग्गा दर्तासम्बन्धी विवादमा नापी गोश्वाराले गरेको निर्णयमा चित्त नबुझे सुरू सम्बन्धित जिल्ला अदालतमा नै मुद्दा गर्न जानुपर्ने भन्ने उल्लिखित कानूनी व्यवस्था देखिँदा प्रस्तुत विवादमा ८ नं. नापी गोश्वारा कास्कीको निर्णय दर्ताउपर दर्ता बदर गरि हक कायम गरिपाउँ भन्ने दाबी लिई जिल्ला अदालतमा जानु पर्नेमा न्याय प्रशासन ऐन, २०४८ को दफा ८ बमोजिम पुनरावेदन गर्न गएको देखिएको र पुनरावेदन अदालतले पनि पुनरावेदन लाग्ने सक्ने व्यवस्थाको अभावमा पुनरावेदनपत्र ग्रहण गरि पुनरावेदनको रोहबाट गरेको निर्णयमा क्षेत्राधिकारको त्रुटि देखिन आएकाले पुनरावेदन अदालत, पोखराको मिति २०६६।१।३० को निर्णय नै खारेज हुने ठहर्छ । निवेदन पुनरावेदनको रोहमा विचार हुने नभै दर्ता बदर जग्गा खिचोला प्रकृतिको मुद्दा परेका बखत हेर्न सकिने देखिँदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

इजलास अधिकृत: टीकाभूषण घिमिरे

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल पुस २१ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०६६४, उत्प्रेषण / परमादेश, *राजन सिलवालसमेत वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत*

लोक सेवा आयोग नियमावली, २०६७ को नियम १० को उपनियम (५) मा परीक्षाको प्रवेश पत्र जारी भएपछि कुनै उम्मेदवारको दरखास्त फाराम रितपूर्वकको नदेखिएमा त्यस्तो दरखास्त फाराम जुनसुकै अवस्थामा रद्द गर्न सक्ने व्यवस्था रहेको देखिन्छ । नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति, नियमहरू, २०५१ मा तोकिएको विषयमा स्नातकोत्तर उपाधि हाँसिल गरेको व्यक्ति नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह, राजपत्राङ्कित प्रथम श्रेणीको पदको खुला प्रतियोगितामा समावेश हुन सक्ने व्यवस्था रहेको देखिन्छ । उल्लिखित नियमहरू, २०५१ को अनुसूची ३ को खण्ड (ख) मा तथ्याङ्क समूहको राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतामा मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा गणित वा जनसङ्ख्या शास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषयमध्ये कुनै विषयमा स्नातकोत्तर हुन पर्ने व्यवस्था रहेको देखिने ।

रिट निवेदकहरूले उपरोक्तानुसारको स्नातकोत्तर उपाधि प्राप्त गरेको नभई अर्थशास्त्र विषयमा क्वान्टिटेटिभ टेक्निक्स एन्ड म्याथमेटिकल इकोनोमिक्स विषयसहित स्नातकोत्तर तहको उपाधि प्राप्त गरेको भनि निज निवेदकहरूले रिट निवेदनमा उल्लेख गरेको र निवेदन साथ संलग्न शैक्षिक योग्यतासम्बन्धी प्रमाण पत्रहरू हेर्दा पनि अर्थशास्त्र विषयमा क्वान्टिटेटिभ टेक्निक्स एण्ड म्याथमेटिकल इकोनोमिक्स विषयको देखिएबाट रिट निवेदकहरूले परीक्षा दिन चाहेको पदको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता नै निज रिट निवेदकहरूसँग नरहेको भन्ने देखिइरहेको हुँदा रिट जारी गर्नु निरर्थक हुने ।

रिट निवेदकहरूले अर्थशास्त्र विषयमा स्नातकोत्तर तहमा अध्ययन गर्दा म्याथमेटिकल इकोनोमिक्स (*Mathmatical Economics)* विषयको १०० पूर्णाङ्कको एउटा ऐच्छिक पत्र लिई अध्ययन गरेको हुँदैमा सो विषयकै स्नातकोत्तर भन्न मिल्दैन । निवेदकहरूले अर्थशास्त्रमा स्नातकोत्तर गरेको हो, *Mathmatical Economics* होइन । १०० अङ्कको *Statistics Quantitative Techniques* लाई तथ्याङ्क शास्त्रको स्नातकोत्तर मान्न नमिल्ने ।

कानूनले स्पष्टरूपमा तोकेको शैक्षिक योग्यताको अभावमा व्याख्याद्वारा स्नातकोत्तर उपाधि कायम गर्न नसकिने हुनाले निवेदकहरूले दरखास्त साथ पेस गरेका शैक्षिक योग्यता विज्ञापन गरिएको पदको लागि आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यताबाहेकको भन्ने आधारमा निवेदकहरूको दरखास्त फाराम रद्द गर्ने गरि गरेको विपक्षी लोक सेवा आयोगको मिति २०६८।0९।२१ को निर्णयमा कानूनी त्रुटि विद्यमान रहेको नपाइँदा विपक्षीको त्यस्तो निर्णयद्वारा रिट निवेदकहरूको संवैधानिक तथा कुनै कानूनी हक हनन् भएको अवस्था विद्यमान नहुनुको साथै रिट निवेदकहरू रिट निवेदनमा दाबी लिएको पदको परीक्षा नै सम्पन्न भई विज्ञापित पदमा बढुवा गर्ने कार्यसमेत सम्पन्न भइसकेकाले रिट जारी गर्ने अवस्था नरहने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल माघ २० गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-००४०, सरकारी कागज किर्ते, *नेपाल सरकार वि. टेकबहादुर बस्नेत*

प्रतिवादीको साथबाट बरामद भएको सवारी चालक अनुमति पत्रको सम्बन्धमा बुझिएकामा यातायात व्यवस्था कार्यालय, तुलसीपुर, दाङबाट बरामद सवारी चालक अनुमति पत्रमा भएको दस्तखत र कार्यालयको रेकर्डमा भएको प्रतिवादीको दस्तखत फरक रहेको, छाप पनि यस कार्यालयको नभएको र फोटो भने एकै व्यक्तिको रहेको र साइज भने फरक रहेको भन्ने जानकारी पत्रमार्फत गराएको देखिएको समेतबाट प्रतिवादीले एक पटक जारी भएको सवारी चालक अनुमति पत्रको साबिक नम्बर उही राखि सहिछापलगायतका विवरण किर्तेरूपमा भरि प्रतिवादीले किर्ते कागजको ९ नं. विपरीतको कसुर गरेको तथ्य स्थापित भएको देखिन्छ। किर्ते कागजको ९ नं. बमोजिम प्रतिवादीले कसुर गरेको स्थापित भएकामा प्रतिवादीलाई रू.५०।– जरिवाना हुने गरि सुरू दाङ जिल्ला अदालतले गरेको फैसला सदर गरेको हदसम्म पुनरावेदन अदालतको फैसला अन्यथा नभए पनि प्रतिवादीलाई ऐ. ऐनको १२ नं. बमोजिम थप सजाय हुने बाध्यकारी व्यवस्था भई रहेकामा सो १२ नं. बमोजिम थप सजाय नगरेको हदसम्ममा सुरूको सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसलामा किर्ते कागज १२ नं. को व्याख्याको प्रश्न अनुत्तरित नै रहेको देखिने।

प्रतिवादीले पहिला जारी भएको सवारी चालक अनुमति पत्रको नम्बरलाई नै कायम राखी छाप, दस्तखत लगायतका विवरण किर्ते गरि अर्को नक्कली सवारी चालक अनुमति पत्र बनाई बोकी हिँडेको कार्य सबुत प्रमाणबाट स्थापित भएको देखिन्छ। यस्तो कार्य दण्डनीय हुँदा निजलाई मुलुकी ऐन, किर्ते कागजको १२ नं. बमोजिम थप सजायसमेत गर्नुपर्नेमा कुनै विवाद देखिँदैन । त्यसैले सुरूको सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला उल्लिखित थप सजाय नगरेको हदसम्म कानुनी त्रुटिपूर्ण देखिन आउने हुँदा प्रतिवादीले नक्कली सवारी चालक अनुमति पत्र तयार गरि बोकि हिँडी किर्ते कागजको ९ नं. को कसुर अपराध गरेको ठहर्‍याई निजलाई रू. ५०।- (पचास रूपैयाँ) जरिवाना गरेको सुरूको सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६६।१०।३ को फैसलामा किर्ते कागजको १२ नं. बमोजिम थप सजाय नगरेको हदसम्म नमिलेकाले सो थप सजाय नगरेको हदसम्म केही उल्टी भई प्रतिवादी टेकबहादुर बस्नेतलाई किर्ते कागजको १२ नं. बमोजिम थप १ (एक) वर्ष कैदसमेत हुने।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल फागुन १२ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CR-०७७७, लागु औषध (खैरो हेरोइन), *दुखीप्रसाद साह वि. नेपाल सरकार*

बरामदी लागु औषध रक्सौलबाट काठमाडौंसम्म पुर्‍याई आपराधिक लाभ लिने उद्देश्यले सुनील भन्ने व्यक्तिको जिम्मा लगाउने क्रममा लागु औषधसहित प्रतिवादी पक्राउमा परेको अवस्था मिसिल कागजबाट देखिन आएकाले लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(घ)(ङ) र (च) बमोजिमको कसुर अपराधमा पुनरावेदक प्रतिवादीको

संलग्नता रहेनछ भनि भन्न नमिली निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा पुनरावेदक प्रतिवादीले अभियोग दाबीबमोजिम आरोपित कसुर अपराध गरेको ठहर गरि लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१) (छ) (३) अनुसार १५ वर्ष ६ महिना कैद र रू.५,६०,०००।- (पाँच लाख साठी हजार) जरिवाना गरेको सुरू अदालतको फैसलालाई सदर हुने गरि पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।८।२६।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: टेकबहादुर खड्का

इति संवत् २०७२ साल मङ्सिर २० गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०२८१, ०८६७, ०१०४, कर्तव्य ज्यान, *दानबहादुर सुनुवार वि. नेपाल सरकार, तसबहादुर सुनुवार वि. नेपाल सरकार, नेपाल सरकार वि. नीरबहादुर सुनुवार*

अपराधमा संलग्न व्यक्तिहरूको भूमिका निर्धारण गरि आपराधिक दायित्वको पहिचान गर्न नितान्त आवश्यक देखियो । सो प्रयोजनका लागि नै फौजदारी विधिशास्त्रमा अपराधमा संलग्न व्यक्तिहरूको कार्य र भूमिकाका आधारमा त्यस्ता व्यक्तिहरूलाई Principal in first degree (मुख्य अभियुक्त) र Principal in second degree (सहयोगी अभियुक्त) गरि विभाजन गर्ने गरेको पाइन्छ । त्यसैगरि अपराधमा सहयोगीको भूमिका निर्वाह गर्ने किसिमबाट त्यस्ता सहयोगीलाई समेत Accessory before the fact, Accessory on the fact र Accessory after the fact गरि ३ तहमा विभाजन गरि दायित्वको निर्धारण गर्ने गरिन्छ । अपराधमा योजना साथ प्रत्यक्ष संलग्न रहने अर्थात् जुनजुन व्यक्तिको कर्तव्यबाट मानिसको मृत्यु भएको हुन्छ त्यसप्रकारका अभियुक्तहरू Principal in first degree अन्तर्गत पर्दछन् र सोही अनुरूप आपराधिक दायित्व वहन गर्नु पर्ने हुन्छ । तर आपराधिक कार्यमा प्रत्यक्ष संलग्न नरहि सो कार्यमा सहयोगीको रूपमा बाटो गौडा छेक्ने, घेरा हाल्ने, बाह्य निगरानी राख्ने, मृतक लास जलाउने, मृतक लास लुकाउने छिपाउने, जानकारी गोप्य राख्ने जस्ता कार्य गरि अपराध घटाउन मद्दत गर्ने प्रकारका व्यक्तिहरू Principal in second degree (सहयोगी अभियुक्त) अन्तर्गत पर्ने गर्दछन् । त्यस्ता सहयोगी पनि वारदातपूर्वको, वारदात समयको र वारदातपछिको सहयोगी रहने गर्दछन् । त्यसकारण यसप्रकारका मुद्दाहरूमा सजाय गर्दा यी आधारहरूको विचार गरि निष्कर्षमा पुग्नुपर्ने देखिँदा पुनरावेदक प्रतिवादीमध्ये दानबहादुर सुनुवारलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैद र पुनरावेदक प्रतिवादी तसबहादुर सुनुवारलाई ऐ. १७(३) नं. बमोजिम १ वर्ष कैद सजाय हुने ठहर गरेको जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको र प्रतिवादी नीरबहादुर सुनुवारलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरि साधक जाँचको लागि पठाएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७/१/१५ गतेको फैसला र साधकसमेत सदर हुने ।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: टेकबहादुर खड्का

इति संवत् २०७२ साल साउन २५ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०६१३, ०६१४, कर्तव्य ज्यान, *लल्ला भन्ने करण ऋषिदेवसमेत वि. नेपाल सरकार,*

*रामानन्द राजवंशी वि. नेपाल सरकार*

जाहेरी दरखास्त आफैँमा प्रमाण होइन । तथापि त्यसको आधारमा कसुर अपराध भएको कुराको अनुसन्धान प्रक्रिया अगाडि बढाउन नमिल्ने होइन । जाहेरी दरखास्त कसुर अपराध गरेको आफैँले देखेरमात्र दिनुपर्ने पनि होइन । अपराध गर्ने व्यक्तिले कोही कसैलाई साक्षी राखेर कसुर अपराध गर्दैन । त्यसकारण कतिपय अवस्थामा आफूले कसुर अपराध नदेखेर भए पनि घटना वा कसुर अपराधको सम्बन्धमा कानूनबमोजिमको निकायमा जानकारी गराउनु पर्ने हुन्छ । घटनास्थलमा जाहेरवालाकी श्रीमती मृत अवस्थामा फेला परेको देखिन्छ । प्रतिवादीहरू सो दिनको साँझको ६.३० बजेसम्म घटनास्थलको नजिकैको मसानघाटमा बसेको देखिन्छ। प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष आफूले कर्तव्य गरि मारी मृतक आफैँले लगाएको सारी घाटीमा बाँधी छोडेका भनि बयान गरेको देखिन्छ । सो बयान व्यहोरा घटनास्थल मुचुल्का, घटनास्थल/लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट समेत समर्थित हुन आएको देखिँदा जाहेरवालाले शङ्काको भरमा जाहेरी दिएको भएपनि त्यसले शान्तिदेवी मण्डललाई कर्तव्य गर्ने व्यक्तिहरूको पहिचान गर्न मद्दत पुगेको नै देखिने ।

अपराधीले आफूले गरेको अपराधबाट बच्न र सजायबाट उम्कन झुठ्ठो बयान गर्नु स्वाभाविक हुँदा त्यस्तो बयानलाई मिसिलमा संलग्न प्रमाण कागजहरूसँग मालाकाररूपमा भिडाएर हेर्नुपर्ने हुन्छ । त्यसरी भिडाएर हेर्दा ईन्कारी बयान अन्य स्वतन्त्र र ठोस प्रमाणबाट पुष्टि भए प्रतिवादीको पक्षमा प्रमाणमा लिन मिल्छ । तर ईन्कारी बयान केवल अपराध र कसुरबाट बच्न र उम्कनको लागिमात्र गरेको भन्ने कुरा विश्लेषणबाट देखिन्छ भने त्यतिबेला अदालतसमक्षको इन्कारी बयानलाई मात्र आधार मानी कसुर गर्ने व्यक्तिलाई कसुर र कसुरबमोजिमको सजायबाट उन्मुक्ति दिन नमिल्ने ।

शव परीक्षण गरि प्रतिवेदन दिने डा. नजमुल रहमानले अदालतमा साक्षीसरह उपस्थित भई घाँटीमा निलडाम भएको, देब्रे साइडमा घाँटी सुन्निएको र तीनवटा नङले कोतारिएको दाग फेला परेको भनि शव परीक्षण प्रतिवेदन व्यहोरा समर्थन गरि बयान गरेको देखिन्छ । उक्त बयानलाई प्रमाण ऐन, २०३१ को दफा २३ को उपदफा (७) बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिन आउने ।

प्रतिवादीहरूले मृतक लास फेला परेको स्थानमा आफूहरूले जबर्जस्ती करणी गरि कर्तव्य गरि घाँटीमा सारीले बाँधेको भनि मौकामा स्वीकार गर्नु, घटनास्थल मुचुल्कामा सोही स्थानमा मृत लास घाँटीमा सारीले कसेको अवस्थामा फेला परेको देखिनु, घटनास्थलमा उखु, घासपात मडारिई ठाउँठाउँमा जमीन दबिई चुराका टुक्राहरू फेला परेको उल्लेख भई शव परीक्षण प्रतिवेदनमा घाँटीमा कोतरिएको, नीलडाम देखिएको भन्ने उल्लेख हुनु र घटनास्थलमा फेला परेको घडी प्रतिवादी करण ऋषिदेवले मौकामा आफ्नो भनि स्वीकार गर्नु बिचका परिस्थितिजन्य प्रमाणहरूबाट समेत प्रतिवादीहरूले कर्तव्य गरेको स्थापित हुन आएको र वारदातको प्रकृति एवम् अवस्थाअनुसार उक्त वारदात मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ को देहाय ३ नं अन्तर्गत पर्ने हुँदा पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।१।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल भदौ ३० गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०९२४, ०२६९, लागु औषध (हेरोइन), दलशेर *अस्थानी मगर वि. नेपाल सरकार, नेपाल सरकार वि. महेन्द्र थिङसमेत*

प्रतिवादी महेन्द्र थिङ् र श्रीकृष्ण पुलामीलाई पक्राउ गर्दाको अवस्थामा निजहरूबाट कुनै लागु औषध बरामद भएको देखिँदैन । तथापि महेन्द्र थिङ्ले अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादी श्रीकृष्ण पुलामी मगरबाट लिएर दलशेर अस्थानीलाई दिएको भनेको र प्रतिवादी श्रीकृष्ण पुलामीले राजकुमार भन्ने व्यक्तिबाट लिएर महेन्द्र थिङ्गलाई दिएको, बिक्रीबाट प्राप्त हुने रकम आपसमा बाँडी खाने सहमति भएको भनि परस्पर पोल गरि गरेको बयानबाट सो परिणामको लागु औषध दलशेर अस्थानी मगरलाई बिक्री वितरण गर्न दिई मतियारको भूमिका निर्वाह गरेको कुरा तथ्यगतरूपमा पुष्टि भएबाट पुनरावेदन अदालतले यी प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ को कसुरमा दलशेर अस्थानी मगरलाई भएको सजाय र जरिवानाको आधा सजाय एवम् जरिवाना गर्ने ठहर्‍याएको फैसलालाई अन्यथा भन्न नमिल्ने साथै उल्लिखित आधार र कारणबाट पुनरावेदन अदालत, पाटनको मिति २०६७।७।९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी र प्रतिवादी दलशेर अस्थानी मगरको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल भदौ ३० गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०७९२, ०९४५, ०९४३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजेन्द्रप्रसाद अछङवो, पुस्कर अन्छङवो लिम्बू वि. नेपाल सरकार, गोकर्ण अन्छङबो लिम्बू वि. नेपाल सरकार*

मौकामा राजेन्द्रप्रसाद अन्छङवोले बचन दिएपछि प्रतिवादीहरू पुस्कर र गोकर्ण अन्छङवोले खुकुरीलगायतका हतियार प्रहार गरेको भनि लेखाउने महाशेर लिम्बूले अदालतमा राजेन्द्रप्रसाद अन्छङवोले वचन दिएको कारण भुवानीप्रसाद लिम्बूको मृत्यु भएको होइन भन्ने व्यहोराले बकपत्र गरेको देखिन्छ भने प्रदीप लिम्बूले पनि मौकामा सोही व्यहोराले कसुरदार देखाई लेखाएकामा अदालतमा बकपत्र गर्दा आफू वारदात हुँदा वारदातस्थलमा नभई विवाह घरमा थिएँ भनेको देखिन्छ । यसरी प्रतिवादी राजेन्द्रप्रसाद अन्छङवो विरूद्धका प्रमाण भनि पेस भएका महाशेर र प्रदीप लिम्बूको भनाई नै आपसमा फरक फरक र विरोधाभाषपूर्ण भएबाट नै राजेन्द्रप्रसाद अन्छङवो उपरको अभियोग दाबी खम्बिर हुनसक्ने देखिएन । अभियोग दाबी पुष्टि गर्ने ठोस र वस्तुनिष्ठ प्रमाणको अभावमा राजेन्द्रप्रसाद अन्छङवोलाई सफाई दिने गरि भएको सुरू फैसला र सो फैसलालाई सदर गरेको पुनरावेदन अदालत, इलामको फैसलालाई अन्यथा गरिरहनु नपर्ने ।

प्रतिवादी पुस्करले मौकामा आफूले बामफोकले मृतकलाई प्रहार गरेको भनि बयान गरेको देखिन्छ। निजले बयानमा देखाएबमोजिम सो बामफोक निजकै घरबाट बरामद भै सनाखतसमेत गरेको देखिन्छ । तर यी पुनरावेदकले अदालतमा मृतककै खुकुरी खोसी प्रहार गरेको भनि विरोधाभाषपूर्ण र असङ्गत बयान गरेको देखिन्छ । मौकामा बामफोकले प्रहार गरेको भनेकामा अदालतमा खुकुरीले प्रहार गरेको भनि बयान गर्नुको खास कारण पनि देखिएको

छैन । आफैँ हाम फालेर भाग्दै गरेको व्यक्तिबाट ज्यान जोखिममा परेको भन्नु प्रतिवादीको आत्मसन्तुष्टिबाहेक केही होइन । घटनाक्रम र सिलसिला हेर्दा वारदात अचानक भएको देखिँदैन । यसरी प्रतिवादी पुस्कर अन्छङवोले मौकामा आत्मरक्षाको जिकिर लिन नसकेको र प्रतिवादीले आफ्नो ज्यान बचाउन खातिर ज्यान मारेको भनि लिएको पुनरावेदन जिकिर विरोधाभाषपूर्ण भई तथ्यसम्मत देखिएन । अतः उक्त वारदात आत्मरक्षाको लागि भएको नदेखिँदा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदक प्रतिवादी गोकर्ण र पुस्कर अन्छङवोले आरोपित कसुर गरेको हो, होइन भन्ने सम्बन्धमा विचार गर्दा मौकामा प्रतिवादी पुस्कर अन्छङवोले मृतकलाई आफूले बामफोकले र प्रतिवादी गोकर्णले खुकुरीले प्रहार गरेको भनि कसुरलाई स्वीकार गरि बयान गरेको देखिन्छ भने अदालतमा पुनरावेदक प्रतिवादी गोकर्ण अन्छङवोले म वारदातस्थलमा थिइन। म संलग्न रहेको छैन। पुस्कर अन्छङवोले कर्तव्य गरेको भनि पुस्करलाई कसुरदार देखाई बयान गरेको देखिन्छ । पुस्कर अन्छङवोले पनि आफ्नोमात्र कर्तव्यले मृतकको मृत्यु भएको भनि बयान गरेको देखिँदा निजको हकमा थप विवेचना गरिरहन परेन । प्रतिवादी गोकर्ण अन्छङवोले अधिकारप्राप्त अधिकारीसमक्ष मोतिलालको घर छेउको सुँगुरको खोरमा पुस्करलाई भुवानीप्रसादले आक्रमण गरेपछि भुवानीप्रसाद भाग्दै गर्दा लखेट्दै गई मकैबारीमा भेटी मैले खुकुरीले हान्दा हातमा लाग्यो, पुस्करले बामफोकले हान्दा टाउकामा लाग्यो भनि गरेको बयान अन्यथा हुन सकेको छैन । बरू सो बयान मिति २०६८।२।२३ को शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारण टाउकामा चोट लागि रगत जमेको कारण भएको भन्ने उल्लेख भएको र घटनास्थल लास जाँच मुचुल्कामा पनि टाउकामा ४ इन्च लामो काटिएको र दायाँ हातको कान्छी औंलासमेत ४ वटा औंला काटी हड्डी छिनेको अवस्थामा मृत लास फेला परेको भन्ने उल्लेख भएबाट प्रतिवादी गोकर्ण अन्छङवोको बयान तथ्यसम्मत नभई खण्डित हुन आउने ।

महाशेर र प्रदीप लिम्बूले मौकामा आफ्नो व्यहोरामा प्रतिवादी गोकर्ण अन्छङवोसमेतले भुवानीप्रसाद लिम्बूलाई खुकुरीसमेतका हतियार प्रहार गरेको भनि लेखाएको देखिन्छ। जाहेरवाला देउप्रसादले पनि गोकर्ण अन्छङवोसमेतले भुवानीप्रसादलाई कर्तव्य गरेको भनि लेखाएको देखिन्छ । मौकामा कागज गर्ने मोतिलालले मिति २०६८।३।२ गते यी प्रतिवादीहरूले प्रहार गरेको चोट पीरबाट मृतकको मृत्यु भएको भनि लेखाएकामा अदालतमा निजले मिति २०६८।३।२ को व्यहोरा मैले भनेबमोजिम लेखिएको हो भनि बकपत्र गरेको देखिन्छ भने महाशेर, प्रदीप, र जाहेरवाला देउप्रसाद लिम्बूले अदालतमा साक्षीसरह उपस्थित भई मौकाको आफ्नो आफ्नो भनाई समर्थन गरि बकपत्र गरेको देखिन्छ। निजहरूको उक्त बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम ठोस र निश्चयात्मक प्रमाणको रूपमा लिन मिल्ने नै देखिन आयो। त्यसकारण यी प्रतिवादीहरू पुस्कर र गोकर्ण अन्छङवोले आरोपित कसुर गरेको ठहर्ने हुँदा ताप्लेजुङ जिल्ला अदालतले प्रतिवादी राजेन्द्रप्रसाद अन्छङवोलाई सफाई र प्रतिवादीहरू गोकर्ण तथा पुस्कर अन्छङवोलाई सर्वस्वसहित जन्मकैद हुने गरि गरेको पुनरावेदन अदालत, इलामबाट मिति २०७०।२।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

पुनरावेदन अदालत इलामले प्रतिवादीहरू पुस्कर र गोकर्ण अन्छङवोलाई जनही १२ वर्ष कैद

सजाय गर्ने गरि राय प्रकट गरेको सम्बन्धमा विचार गर्दा रातिको समयमा दिलकुमार साम्राले बोलाएका मानिसहरू आई मोतीलालको घरमा तास खेलेको हेरेर बसिरहेका यी पुनरावेदक प्रतिवादीहरूलाई घेरा हाली बन्दुक र ढुङ्गा मुढा यत्रतत्र प्रहार गरि झगडासमेतका कारण वातावरण अशान्त भएको समयमा मृतकले पुस्कर अन्छङवोलाई पहिले खुकुरी प्रहार गरेको देखिन्छ । सो कुरालाई वादी नेपाल सरकारले पनि अभियोग दाबीमा स्वीकार गरेको छ । वारदातमा प्रतिवादी पुस्कर अन्छङवोको टाउकामा चोट लागेको कुरा मिसिल संलग्न केसफारामबाट देखिन्छ । यसरी वारदातको यस्तो अवस्था र पुनरावेदक प्रतिवादी पुस्कर अन्छङवो घाइते भएको पीडा रहिरहेको, प्रतिवादीहरू कलिलो उमेरका भएकासमेतका कुरालाई मध्यनजर राखि विचार गर्दा प्रतिवादीहरू पुस्कर र गोकर्ण अन्छङवोलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) बमोजिमको सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने र १२ वर्षको सजाय निर्धारण गर्दा पनि ऐनको मनसाय पूरा हुने देखिएकाले प्रतिवादीहरू पुस्कर र गोकर्ण अन्छङवोलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद सजाय गर्न मनासिब देखिँदा पुनरावेदन अदालत, इलामले प्रकट गरेको राय पनि सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०५७५, ०८७१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. किरण पोखरेलसमेत, किरण पोखरेल वि. नेपाल सरकार*

अभियुक्तले गरेको कामले मृत्युको परिणाम निम्त्याउँदैन भन्ने कुरामा अभियुक्त सचेत रही कार्य गर्दा कसैको मृत्यु भएमा भवितव्यको वारदात हुने हो । भवितव्यबाट घटना भएको भन्ने कुरा भवितव्यको जिकिर लिनेले पुष्टि गर्नुपर्ने हुन्छ । प्रतिवादी किरण पोखरेलले भवितव्यद्वारा वारदात भएको भन्ने कुरा पुष्टि गर्न सकेको देखिँदैन । पुनरावेदक प्रतिवादीले कुनै अर्को कार्य सावधानीसँग गरिरहेको समयमा निजले प्रहार गरेको हात, लात र मुक्कासमेत चलाउँदा नेत्रबहादुर दरलामी मगरलाई अपर्झटरूपमा लाग्न गै मृत्यु भएको देखिएको छैन । जात्रा हेर्दै गरेको समयमा केहि पहिलेदेखि भएको भनाभन, वादविवाद अन्ततः धकेलाधकेलमा परिणत भई प्रतिवादीले तत्काल आवेशमा आई थप्पड हान्दा सो थप्पड मृतकको टाउकामा लागेको समेतले मृतक भुइँमा ढलि मृत्यु भएको कुरा घटना प्रकृतिबाट देखिने ।

पूर्वयोजना बनाई सुझबुझ गरि जानाजान ज्यान मार्ने नियतले खुकुरी प्रहार गरि वा विष सेवन गराई गरेको कर्तव्यबाहेक ज्यान मार्ने मनसाय नलिई अभियुक्तले उसै मौकामा उठेको रिस थाम्न नसकि साधारण लाठा, लात र मुक्का इत्यादि साधनले हानेको चोटबाट चोट लाग्ने व्यक्तिको ऐनको म्यादभित्र मृत्यु भएमा त्यस्तो अपराध आवेश प्रेरित हत्याको शृङ्खलामा पर्दछ । कानूनमा उसै मौकामा उठेको रिस थाम्न नसकि साधारण लाठा, लात र मुक्का इत्यादिले हान्दा सोही चोटको पीरले ज्यान मरेमा भन्नेसमेतको शब्दावली प्रयोग भएको हुँदा अभियुक्त अर्थात् प्रतिवादी जात्रामा रातको समयमा भएको भनाभन, वादविवाद, धकेला धकेल र हात हालाहालको अवस्थामा अपर्झट प्रतिवादी किरण पोखरेलले हातको मुक्काले हान्दा मृतकको टाउकामा लागि मृतकको मृत्यु भएको देखिन्छ । पुनरावेदक प्रतिवादीले लुकि छिपिकन कुनै हतियारलगायतका जोखिमी साधन प्रहार गरेको भन्ने

कुरा वादी नेपाल सरकारले देखाउन सकेको छैन । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग प्रमाणित गर्ने दायित्व वादी नेपाल सरकारको नै हुने ।

प्रतिवादी किरण पोखरेलले मृतकलाई पहिले नै मार्नेसम्मको योजना बनाई आपराधिक मनसायको साथ मृतक र प्रतिवादीबिच झगडा भएको र सोही झगडाको कारण वा जरियाबाट कुटपिट गर्दा मृत्यु भएको अवस्था पनि देखिँदैन । यस्तो प्रकृतिको वारदातमा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्दा फौजदारी न्यायको मर्म र भावना मर्न गई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को व्यवस्था निस्तेज हुन जान्छ । अतः वारदातको प्रकृति, अवस्था र तथ्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ मा उल्लिखित कानूनी व्यवस्थासँग मेल खाने देखिँदा उक्त वारदात आवेशप्रेरित वारदात ठहर्छ । प्रतिवादी किरण पोखरेलले मृतकलाई लाठा, ढुङ्गा र सानातिना हतियार प्रहार गरेको नदेखिँदा अभियोग दाबीबमोजिम सजाय गर्न मिल्ने देखिएन । त्यसकारण पुनरावेदन अदालत, पाटनले पुनरावेदक प्रतिवादी किरण पोखरेललाई आवेशप्रेरित वारदातमा १० वर्ष कैद सजाय हुने ठहऱ्याई गरेको फैसला तथ्य र कानूनको रोहमा मनासिब देखिने ।

वादी नेपाल सरकारले प्रतिवादी भीमबहादुर दरलामीलाई आरोपित कसुरमा सजाय हुने वस्तुगत, ठोस र निश्चयात्मक प्रमाण देखाउन र पेस गर्न सकेको देखिँदैन । प्रमाणको विवेचनाबाट कसुरमा संलग्नता देखिएमा कसुरको मात्राअनुसार सजाय हुने कुरामा विवाद छैन । वादी नेपाल सरकारले भीमबहादुर दरलामी मगरसमेतको संलग्नताबाट कर्तव्य गरि मृतकको मृत्यु गराएको भन्ने तथ्य सङ्कलित प्रमाणबाट स्थापित हुन नआएबाट प्रतिवादी भीमबहादुर दरलामीलाई सफाई दिने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिने ।

गोरे भुजेलसमेत वारदातको दिन र समयमा जात्रास्थलमा उपस्थित रहेको देखिन्छ । गोरे भुजेलउपर सुरूमा कुनै किटानी जाहेरी नपरेकामा पछि प्रहरी नायब निरीक्षक दिलिपकुमार खतिवडाको प्रतिवेदनको आधारमा अनुसन्धानको दायरामा ल्याई अनुसन्धान गरि वादी नेपाल सरकारले निजउपर वारदातस्थलमा मौजुद रहि वारदात हेरि बसेको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) बमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको माग दाबी लिएको देखिन्छ । उक्त १७ को देहाय (३) नं. को कानूनी व्यवस्थाअनुसार प्रस्तुत अभियोगमा सजाय हुन सुरूमा मत सल्लाहमा पसेको र मार्ने ठाउँमा केहि नगरि हेरिरहेको अवस्था हुनु आवश्यक छ । प्रतिवादी गोरे भुजेलले मृतक र प्रतिवादी किरण पोखरेल, भीमबहादुर दरलामी तथा श्यामबहादुर ओस्तीसँग भनाभन, वादविवाद र झगडा भएकोसम्म देखेको भन्ने कुरा मिसिलबाट देखिन्छ । तर मृतकलाई कुटपिट गरेको र मृतकलाई मार्नमा प्रतिवादी किरण पोखरेलको मत सल्लाहमा पसेको र सोबमोजिम वारदात भएको भन्नेसमेतका मतलवी तत्त्वको अभावमा प्रतिवादी गोरे भुजेलले सफाइ पाउने नै देखिने ।

वादी नेपाल सरकारले प्रतिवादी काली भुजेल र श्यामबहादुर ओस्तीलाई पनि अभियोग दाबीबमोजिम सजाय हुन माग लिई यस अदालतमा पनि पुनरावेदन जिकिर गरेको देखिन्छ । प्रतिवादी श्यामबहादुर ओस्तीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. र काली भुजेललाई ऐ. १३(४) नं. बमोजिम सजायको माग दाबी लिएको प्रस्तुत मुद्दामा सुरू अदालतले यी प्रतिवादीहरूलाई ऐ. १७(३) नं. बमोजिम ६ महिना कैद सजाय गरेको देखिन्छ । पुनरावेदन अदालतले उक्त वारदातलाई

आवेशप्रेरित वारदात कायम गरि प्रतिवादी किरण पोखरेललाई सजाय गरेको देखिन्छ । आवेशप्रेरित वारदात सिद्धान्ततः कुनै मानिस तत्काल आवेशमा आउँदा हुने वारदात हो । आवेशप्रेरित वारदात अरू मानिसहरू समेतको सल्लाह र योजनाबाट भएको मानिँदैन । प्रस्तुत वारदातलाई पुनरावेदन अदालतले आवेशप्रेरित वारदात ठहर गरेकामा यस अदालतबाट पनि आवेशप्रेरित हत्या नै भनि ठहर गरेको कुरा किरण पोखरेलको हकमा विवेचना गरिएको छ । अतः आवेशप्रेरित वारदातमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ नं. को कसुर कायम गर्न नमिल्ने हुँदा काली भुजेल र श्यामबहादुर ओस्तीको हकमा समेत पुनरावेदन अदालत, पाटनको मिति २०६८।१।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल भदौ २९ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CI-०४२२, उत्प्रेषण, *जंगवीर राईसमेत वि. जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गासमेत*

न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) मा भएको संशोधनबाट यस अदालतले पनि यो असाधारण उपचारको माध्यमबाट न्यायिक वा अर्धन्यायिक निकाय वा न्यायाधिकरणले गर्ने कुनै निर्णय वा अन्तिम आदेश जसबाट कुनै व्यक्तिको कानूनी आधारमा असर पुग्न गएको छ र त्यो निर्णयउपर पुनरावेदन लाग्ने व्यवस्था छैन भने त्यस्तो निर्णयहरू अधिकारक्षेत्रभन्दा बाहिर गएर गरिएको छ, छैन ? प्राकृतिक न्यायका सिद्धान्तविपरीत ती निर्णयहरू भएका छन् छैनन् ? र निर्णयमा प्रत्यक्ष त्रुटि देखिन्छ कि देखिँदैन ? भन्ने आधारमा पुनरावलोकन गरि अधिकारक्षेत्रभन्दा बाहिर गई निर्णय गरिएको वा प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय गरेको वा निर्णयमा प्रत्यक्ष त्रुटि रहेको देखिएमा त्यस्तो निर्णय बदर गर्नसक्ने हुन्छ । तथापि प्रस्तुत विवादमा उत्प्रेषणको आदेश जारी गर्ने कुनै आधार कारण रहेको नदेखिनुका अतिरिक्त निवेदकले जिकिर लिए जस्तो करकापबाट कागज गराए भन्ने प्रश्नमा साधारण अधिकारक्षेत्रबाट उपचार गर्न पाउने वैकल्पिक उपचारको व्यवस्था सुरक्षित नै रहने ।

प्रस्तुत निवेदनमा उठाइएको विषय उत्प्रेषणको रिटको प्रकृतिसँग मेल खाने नदेखिएको तथा कुनै व्यक्ति वा पदाधिकारीले कसैलाई करकापबाट कागज गरायो वा गराउन लगायो भने त्यस विषयमा प्रचलित कानूनबमोजिम उपचार पाउने वैकल्पिक एवम् प्रभावकारी उपचारको बाटो रहे भएकाले रिट निवेदनको मागबमोजिम आदेश जारी हुनसक्ने अवस्था विद्यमान नदेखिँदा रिट निवेदन खारेज हुने ठहरेको पुनरावेदन अदालत, राजिवराजको मिति २०६८।३।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७१ साल चैत २४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CI-११९९, उत्प्रेषण/परमादेश,

*रविन्द्रराज श्रेष्ठ वि. सुर्खेत उपत्यका नगर विकास समिति, विरेन्द्रनगर सुर्खेतसमेत*

निवेदकले माग गरेको उत्प्रेषण र परमादेश मिश्रित निवेदन एउटै उद्देश्यको लागि नभएर छुट्टाछुट्टै कार्यलाई इङ्गित गरेर दर्ता गरेको पाइन्छ। कानूनबमोजिम विकास निर्माण गर्ने कार्यालय र स्थानीय निकायहरू जननिर्वाचित प्रतिनिधिहरूद्वारा सञ्चालन गरेको संक्रमणको अवस्थामा यो वा त्यो कुरा भनि रिटबाट उपचार प्रदान गर्ने कुराको माग गर्नु र यस्तोमा अदालतले निर्णय गर्दा प्रशासनिक कार्यको स्वविवेकमा हस्तक्षेप हुने देखिन्छ। तसर्थ प्रशासनिक कार्यको स्वविवेकलाई अतिक्रमण गर्न संविधान र कानूनविपरीत हुने।

सीमित सरकारको अवधारणाअनुसार सरकारका निकायहरूले आ-आफ्नो कार्य संविधान र कानूनले दिएको सीमामा रहेर सञ्चालन गर्नुपर्दछ । त्यसरी स्वतन्त्र अधिकारको प्रयोग गर्दा नागरिक हक अधिकारमा कुनै असर पर्ने गरि स्वेच्छाचारी ढङ्गले कुनै निर्णय गर्नु हुँदैन । त्यसरी संविधान वा कानूनविपरित कुनै निर्णय वा कार्य गरेको स्पष्ट देखिएको अवस्थामा अदालतले त्यस्तो कार्य बदर गर्न सक्ने नै हुन्छ। प्रस्तुत विवादमा नगर विकास समिति वा नगरपालिकाबाट निवेदकको हकमा कुण्ठित हुने गरि कुनै त्यस्तो स्वेच्छाचारी निर्णय भएको मान्न मिल्ने नदेखिने।

न्याय माग्नेको स्वच्छ र सफा हातले अदालत प्रवेश गर्नुपर्ने हुन्छ । विवादित कि.नं. २१७७ को जग्गामा नगर विकास समितिले बाटो खोल्ने कार्य नभएको भनि जवाफ दिएकाले २०५६।११।०६ मा यिनै निवेदकले निवेदन खारेज भइसकेपछि सर्वोच्च अदालतबाट मिति २०६५।०२।२१ मा भएको आदेश पालना नभएको भन्ने विषयमा सोही कुरालाई लिएर निवेदन दिनुपर्ने हो । मुआब्जा नपाएकाले घर बनाइ बस्न पाउँ भनि नगर विकासले बनाएको योजनालाई नगरपालिकाले पालना गरेन भनि निवेदकले लिएको दाबीमा यो वा त्यो जुनसुकै निकायबाट आफ्नो पक्षमा निर्णय गर्न मद्दत भएको प्रष्ट देखिने।

सर्वोच्च अदालतबाट २०५६।११।०६ मा समानताको आधारमा निवेदकलाई मुआब्जा क्षतिपूर्ति दिने भन्ने निर्णय भएको र सो निर्णय कार्यान्वयनका लागि यो निवेदन समयमै गएको पनि देखिएन। तसर्थ सर्वोच्च अदालतबाट भएको उक्त आदेशकै कार्यान्वयन गर्ने सन्दर्भमा निवेदक समयमा नै नगई उक्त मनसाय त्याग गरेको देखिएको हुँदा मिसिल संलग्न कागजातलाई अन्यथा हुने गरि निवेदकलाई निजको जग्गामा भोग गर्नबाट बलजफ्ती निषेध गरेको भन्ने व्यहोराको निवेदनसँग सहमत हुन सकिएन भन्ने पुनरावेदन अदालत, वीरेन्द्रनगरको फैसला मनासिबै देखिन आउँदा सर्वोच्च अदालतको आदेशको परिपालना भएन भनि निवेदकलाई घर बनाउन स्वीकृति दिनुपर्ने भन्ने भनाई र रिट निवेदनको सिद्धान्तसमेतको विपरीत हुने गरि आएको निवेदनको अस्पष्ट मागअनुरूपको आदेश जारी हुन नसक्ने देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने देखिएन भन्ने पुनरावेदन अदालत, सुर्खेतको मिति २०६९।१२।०७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७१ साल चैत २४ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CI-०७४६, निषेधाज्ञा, *अर्जुनकुमार खड्का वि. जिल्ला प्रहरी कार्यालय, सर्लाही*

*मलङ्गवासमेत*

निवेदकले शान्ति सुरक्षा गर्ने प्रहरी कर्मचारीलाई झुठ्ठा लान्छना लगाई गरेको रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको इलाका प्रहरी कार्यालय, हरिपुर सर्लाहीको लिखित जवाफ देखिन्छ। उक्त लिखित जवाफको जिकिरलाई खण्डन हुने गरि पुनरावेदक (पक्ष) ले कुनै ठोस प्रमाणसमेत पेस गरेको नदेखिने।

कुनै कुरा यसो भनेर दाबी जिकिर लिनेले नै उक्त कुरा प्रमाणित गर्नुपर्ने हुन्छ जसलाई कानूनी प्रमाणको भार भनिन्छ । प्रमाणको आधारभूत सिद्धान्तअनुसार सर्वोत्तम प्रमाण नै पेस गर्नु पर्ने हुन्छ। प्रमाण ऐन, २०३१ को दफा २६ मा भएको कानूनी व्यवस्थाअनुसार *"देवानी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादीको हुनेछ"* भन्ने कानूनी व्यवस्था रहेको छ। उक्त कानूनी व्यवस्थाअनुसार यी पुनरावेदकले आफ्नो निवेदनमा लिएको जिकिर पुष्टि हुने गरि कुनै वस्तुनिष्ठ ठोस प्रमाण पेस गरेको देखिन नआउने।

निवेदकलाई विपक्षीले पक्राउ गर्नुपर्ने आशङ्का भएको कुनै ठोस प्रमाणसमेत पेस गर्न नसक्नुका अतिरिक्त निजलाई पक्राउ गर्नुपर्ने कुनै आधार कारणसमेत स्पष्ट रहे भएको नदेखिँदा निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत, राजविराजको फैसला मनासिबै देखिन आउने।

अत: माथि उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा निवेदकलाई बिना कारण पक्राउ गर्ने अवस्था, स्थिति र आशङ्कासमेत रहे भएको नदेखिँदा निवेदक मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।२।३० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पक्षको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः- शकुन्तला कार्की

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल चैत्र २४ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-CR-०३६४, लागु औषध खैरो हेरोइन, राजेन्द्र खड्गीसमेत वि. नेपाल सरकार

प्रतिवादीहरू समेत चढी आएको बा.१ज. ५३०२ नं. को ट्याक्सीबाट ११ ग्राम २२५ मिलिग्राम खैरो हिरोइन बरामद भएको सुरू मिसिल संलग्न २०६६।१२।६ को बरामदी मुचुल्काबाट देखिन्छ। उक्त बरामद भएको लागु औषध भारतको रक्सौलमा गई खरिद गरि लिई आएको अवस्थामा हेटौंडा बसपार्कमा प्रहरीले चेक जाँच गर्दा फेला पारि पक्राउ गरेको तथ्यलाई मौकामा अनुसन्धान अधिकारीसमक्षको बयानमा तथा अदालतमा भएको बयानमा समेत स्वीकार गरि प्रतिवादीहरूले बयान गरेको देखिन्छ। बरामद भएको उक्त लागु औषध बिक्री गर्ने उद्देश्यले नल्याएको सेवन गर्ने उद्देश्यले ल्याएको भनि प्रतिवादीहरूले पुनरावेदनमा जिकिर लिए पनि सो जिकिरको समर्थनमा ठोस एवम् वस्तुनिष्ठ प्रमाण पुनरावेदक प्रतिवादीहरूले गुजार्न सकेको मिसिल संलग्न कागजातहरूबाट देखिँदैन। बिना आधार प्रमाण जिकिर लिएकै भरमा सेवन गर्ने उद्देश्यले मात्र बरामद गरिएको लागु औषध यी प्रतिवादीहरूले खरिद गरि ल्याएका रहेछन् भनि मान्न मिल्ने नदेखिने हुँदा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (ङ) (च) र (छ) को कसुर कायम गरेको सुरू फैसला सदर गरेको तथा सजायको हकमा उक्त ऐनको दफा १४(१) (छ)(१) बमोजिम ७ वर्ष कैद गरेको सजाय बरामद भएको लागु औषधको मात्रासमेतको आधारमा

उक्त कैदको सजाय बढी भएकाले सोही दफाबमोजिम ५ वर्ष कैद र रू.१५ हजार जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौडाको मिति २०६८।२।२४ को फैसला मिलेकै देखिँदा अन्यथा परिवर्तन गरिरहनु पर्ने नदेखिँदा उक्त फैसला सदर कायम हुने ठहर्छ । प्रतिवादीहरूको प्रस्तुत पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७२ साल मङ्सिर २ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-WO-१२०५, उत्प्रेषण / परमादेश, *कमलप्रसाद इँटेनी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाल सरकार मन्त्रिपरिषद्ले मिति ०६९।०३।०४ गते नेपाल सरकारका ५ जना प्रहरी अतिरिक्त महानिरिक्षक र १९ जना प्रहरी नायब महानिरीक्षकको सरूवा गर्ने गरि भएको निर्णय निर्वाचन आचारसंहिताविपरीत हुनुका साथै ०६९।०८।०७ घोषणा भएको निर्वाचनलाई समेत प्रत्यक्षः असर पार्ने भएकाले उक्त सरूवासम्बन्धी निर्णय उत्प्रेषणको आदेशले बदर गरि सरूवासम्बन्धी काम कारवाही नगर्नु, नगराउनु र निर्वाचन सम्पन्न नभएसम्म निर्वाचन आचारसंहिताविपरीत हुने गरि कुनै पनि कार्य नगर्नु, नगराउनु भनि विपक्षीका नाउँमा परमादेश जारी गरिपाउँ भन्ने निवेदन दाबी रहे पनि निवेदन दाबीअनुसार ५ जना अतिरिक्त महानिरीक्षक तथा १९ जना प्रहरी नायब महानिरीक्षकको सरूवाको प्रस्ताव पेस भए पनि निर्वाचन आयोगबाट निर्वाचन आचारसंहिता जारी भइसकेकाले हाल उक्त सरूवासम्बन्धी कारवाही रोकिएको छ भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिएको र निवेदकले निवेदनमा उल्लेख गरेको संविधान सभाको निर्वाचन २०६९।८।७ मा सम्पन्न भै उम्मेदवारहरू निर्वाचित भई संविधान सभासमेत गठन भई संविधान सभाले आफ्नो कार्यसमेत सुचारू गरिसकेको अवस्थामा निवेदकको मागको कुनै औचित्य नभई सरूवा स्थगनको कार्य भई निर्वाचनसमेत सम्पन्न भएको हुँदा मागअनुसारको आदेश जारी गर्न मिल्ने देखिएन । अतः प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CI-११२९, लेनदेन, *दीपक खतिवडा वि. कृष्णमाया खुलाल*

प्रतिवादीले ज्यान मार्ने धम्की दिई करकापसँग कागज गराएको भनि प्रतिउत्तर जिकिर लिए पनि करकापमा उजुर दिएको नदेखिएको, करकाप सम्बन्धमा प्रहरी कार्यालयमा जानकारी गराएको भनि अ.बं. ७८ नं. बमोजिम बयान गर्दा जिकिर लिएको देखिए पनि सुरू प्रतिउत्तरपत्रमा सो कुराको कुनै जिकिर लिन सकेको देखिँदैन । सुरू मिसिल संलग्न कपाली तमसुक हेर्दा मिति २०६८।५।२० गतेका दिन सावाँको सावाँ एकमुष्ट चुक्ता गर्नेछु, सो भाखामा नबुझाए प्रचलित लेनदेन कानूनबमोजिम ब्याजसहित तिर्ने बुझाउने भाखा सर्त राखी मिति २०६८।५।५ मा लिखत भएको देखिन्छ । सावाँसम्म वादीले प्रतिवादीबाट भराई पाउने ठहर्‍याएको सुरू फैसलाउपर प्रतिवादीले पुनरावेदन नगरि सो फैसलालाई स्वीकार नै गरेको अवस्था देखिँदा करकापसँग कागज गराएको भन्ने कुनै प्रमाण प्रतिवादीले गुजार्न नसकेको तथा सो सम्बन्धमा कुनै उजुरी दिएको नदेखिएको, सावाँ रकम

वादीले भरिपाउने ठहर्‍याएउपर प्रतिवादीले पुनरावेदन नगरि स्वीकार नै गरेको र लिखतमा २०६८।५।२० भित्र भए साँवासम्म र सोपश्चात् भए सावाँ ब्याजसमेत तिर्न मन्जुर गरि २०६८।५।५ मा कपाली तमसुक गरेको देखिँदा सोसमेतका आधार कारणबाट सावाँमात्र प्रतिवादीले भराई पाउने ठहर्‍याएको सुरू फैसला केही उल्टी वादी दाबीअनुसार ब्याजसमेत भराई पाउने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०७०।३।२३ को फैसला अन्यथा रहेछ भनि मान्न मिल्ने नदेखिँदा सो फैसला सदर हुने ठहर्छ । प्रतिवादीको प्रस्तुत पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७२ साल मङ्सिर ३ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०६५५, लागु औषध (गाँजा), *लखनराय यादव वि. नेपाल सरकार*

यसमा जिल्ला महोत्तरी, अन्कार गा.वि.स. वडा नं.६ स्थित रामलखनको घर तलासी हुँदा ५ वटा ड्रममा २५२ किलो ग्राम लागु औषध गाँजा फेला परेको ठिक साँचो हो भन्नेसमेत व्यहोराको बरामदी मुचुल्का मिसिल संलग्न रहेको र रामलखन रायको घरबाट बरामद भएको २५२ किलोग्राम गाँजामध्येबाट नमुना निकालि बाँकी गाँजा नष्ट गरिएको भन्ने जिल्ला अदालतको प्रतिनिधिसमेतको रोहबरमा मुचुल्का भएको देखिन्छ । लागु औषध (नियन्त्रण) ऐन, २०३३ मा व्यवस्था भएबमोजिम बरामदी मुचुल्का भएबाट सो मुचुल्का बेरीतको नदेखिएको अवस्थामा पुनरावेदकले लिएको जिकिर उचित देखिएन । यसमा उल्लिखित मितिमा आफू सम्धीसँग भेटघाट गर्न महोत्तरी जिल्लाको हलखोरी गाउँमा गएको र ५ गते घरमा आउँदा सो दिन प्रहरीले गाउँमा छापा मारी गाँजा बरामद गरि लगेको सुनैँ । सो समयमा मेरो घरबाट पनि २५२ किलोग्राम गाँजा बरामद भएको मुचुल्का तयार पारेको थाहा भयो भनि प्रतिवादी रामलखन भन्ने लखन यादवले अधिकारप्राप्त अधिकारी एवम् अदालतमा समेत कसुर गरेको कुरामा इन्कार रही बयान गरेको देखिन्छ । निज रहने घरबाट धेरै ठूलो परिमाणमा गाँजा बरामदी भएको व्यहोरा मिसिल संलग्न रहेको बरामदी मुचुल्काबाट देखिएको छ । साथै बरामद भएको वस्तु परीक्षणको लागि पठाइएकामा गाँजा नै भएको भन्ने परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेको छ । मेरो सामुन्नेमा लखनको घरबाट गाँजा बरामद भएको होइन भनि बरामदी मुचुल्काका मानिस रामश्रेष्ठ दास र अर्का साक्षी सुरेश रायले बकपत्र गर्दा प्रतिवादीलाई मद्दत हुने गरि बकपत्र गरेको भए पनि प्रहरी सहायक निरीक्षक उमाकान्त अर्यालले रामलखनको घरबाट लागु औषध गाँजा बरामद भएको हो भनि किटानी बकपत्र गरेकोसमेत मिसिल संलग्न रहेको देखिन्छ । बरामदी मुचुल्कामा उल्लिखित व्यक्तिहरूको बकपत्रबाट लागु औषध बरामद भएको कुरा देखिने र प्रहरीले झुट्ठा व्यहोरा उल्लेख गर्नु पर्ने कुनै कारणसमेत वस्तुनिष्ठरूपमा पुष्टि हुने कुनै प्रमाणबाट देखिएको छैन । महोत्तरी जिल्लाको अन्कार गा.वि.स. वडा नं. ६ स्थित कि.नं. २२२ मा रहेको घर लखन यादवको श्रीमतीको हो भन्ने गा.वि.स.को मुचुल्काबाट देखिएको छ । प्रतिवादीले आफ्नो घरबाट उल्लिखित मितिमा गाँजा बरामद नभएको भनि इन्कारी बयान गरेको भए पनि गा.वि.स.को मुचुल्कासमेतका आधारमा श्रीमतीको नाममा रहेको घरबाट गाँजा बरामद भएको देखिएकाले प्रतिवादी सोनेलाल राय भन्ने लखनराय यादवले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) प्रतिकुल गाँजा सञ्चय गरेको देखिन

आएकाले प्रतिवादीलाई ऐजन ऐनको दफा १४(१)(घ) बमोजिम सजाय हुने नै देखिन आउने हुँदा प्रतिवादीले लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(क) प्रतिकुल गाँजा सञ्चय गरेको देखिएकाले प्रतिवादीलाई ऐजन ऐनको दफा १४(१)(घ) बमोजिम २ (दुई) वर्ष कैद र रू.१५,०००।- (पन्ध्र हजार) जरिवाना हुने गरि पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६६।१।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७२ साल जेठ ३२ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०७३१, मोही नामसारी गरिपाउँ, *राजकिशोर राय वि. राम सुन्दर यादवको मु.स. गर्ने पल्टीदेवीसमेत*

न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) खण्ड (ग) को व्यवस्थाअनुसार तीन वर्ष वा सोभन्दा बढी कैद सजाय, पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवाना, पचास हजार रूपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णय वा फैसलाउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा सुरू निर्णय वा फैसला केही वा पूरै उल्टी भएको मुद्दामा मात्र यस अदालतमा पुनरावेदन लाग्ने अवस्था देखिन्छ । उक्त व्यवस्थाअनुसार पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्नको लागि सुरू अदालत वा निकाय र पुनरावेदन अदालतको फैसलामा शाब्दिक फरकमात्र पर्याप्त हुने नभई सारभूतरूपमा परिणाममा भिन्नता हुनु आवश्यक हुने ।

प्रस्तुत सन्दर्भमा यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएका छन् । क्षेत्राधिकार अभाव रही पुनरावेदन नलाग्ने अवस्थाको मुद्दाको पुनरावेदन पत्र दायर भएको अवस्थामा त्यस्तो पुनरावेदन पत्रमा पुनरावेदन सुनि तथ्यभित्र प्रवेश गरि निर्णय गर्न मिल्ने नदेखिने भनि यस अदालतबाट *ने.का.प.* २०६९ अंक ७ नि.नं. ८८५८ पृष्ठ १०५७ (नेपाल सरकार विरूद्ध ज्योति राई, मुद्दा: मानव बेचविखन) एवम् ने.का.प. ०५६, नि.न. ६६५९, पृ. ५९ मा सिद्धान्त प्रतिपादन भएको छ । त्यसैगरि कर्णबहादुर वि.क.विरूद्ध मोहन वि.क. भएको कित्ता काट दा.खा. दर्ता बदर र दर्ता मुद्दा (फैसला मिति २०७१।८।२२) मा न्याय प्रशासन ऐन २०४८ को दफा ९(१) खण्ड (ग) को व्यवस्थाअनुसार तीन वर्ष वा सोभन्दा बढी कैद सजाय, पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवाना, पचास हजार रूपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णय वा फैसलाउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा सुरू निर्णय वा फैसला केही वा पूरै उल्टी भएको मुद्दामा मात्र यस अदालतमा पुनरावेदन लाग्ने भनि सिद्धान्त प्रतिपादन भएको छ । साथै शारदा शाही वि राजिव विक्रम शाह भएको लुटपिट (०६८–CR–११२१) मुद्दामा सुरू अदालत र पुनरावेदन अदालतको फैसलामा सारभूत भिन्नता नभएको अवस्थामा पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्थाको अभाव रहेकाले प्रस्तुत मुद्दाको पुनरावेदन यस अदालतमा लाग्ने क्षेत्राधिकारको अभाव रहेको देखिँदा

पुनरावेदन पत्रबाट पुनरावेदन सुनि तथ्यभित्र प्रवेश गरि निर्णय गर्न मिल्ने देखिन नआएकाले पुनरावेदन खारेज हुने भनि सिद्धान्त प्रतिपादन भएको हुँदा सुरूले दाबी नपुग्ने र पुनरावेदन अदालतले हदम्यादको आधारमा पुनरावेदन खारेज हुने ठहर भएकाले पुनरावेदन अदालत, जनकपुरको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने देखिन नआउने।

अब *पुनरावेदन अदालतको फैसला मिलेको छ वा छैन* भन्ने सम्बन्धमा विचार गर्दा उल्लिखित कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्त, तथ्य एवम् विवेचनासमेतको आधारमा सुरू अदालत र पुनरावेदन अदालतको फैसलाको परिणाममा सारभूत भिन्नता नभएको अवस्थामा पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्थाको अभाव रहेको देखिँदा प्रस्तुत पुनरावेदन पत्रबाट तथ्यभित्र प्रवेश गरि निर्णय गर्न मिल्ने देखिन नआएकाले पुनरावेदन खारेज हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रमेश रिजाल

कम्प्युटर: खगेन्द्रकुमार खत्री

इति संवत् २०७२ साल जेठ २९ गते रोज ६ शुभम्।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०३६३, मानव बेचबिखन तथा ओसारपसार, *शोभा चौधरीसमेत वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाका पीडितहरूको जाहेरी पर्नु अगावै यी पुनरावेदक प्रतिवादीहरूले मुख्य अभियुक्तको कार्यका सम्बन्धमा सम्बन्धित निकायमा उजुरी दायर गर्न सक्नुपर्ने थियो । त्यसैगरि प्रतिवादीहरू दुवै जना भैरहवासम्म गई एकैस्थानमा पुगेपछि एकले सानो छोराको याद आएको र अर्कोले जीउ सुन्निएको जस्ता बनावटी कारण देखाउँदै दुवैजना गाडीबाट ओर्लिई घर फर्किएको देखिन्छ । आफ्नो नाबालक छोरीको याद आउने नै भए घर छोड्ने बखतमा आउने थियो सो हुन नसकि घरदेखि भैरहवासम्मको लामो यात्रा सम्पन्न गरेर नेपाल भारत सिमानामा पुगेपश्चात् मात्र विभिन्न बहाना देखाई पुनरावेदक प्रतिवादीहरूले पीडितहरूलाई छाडि आआफ्नो घर फर्किएको देखिएबाट निजहरूले लिएको निर्दोषिताको जिकिरको कुनै सारभूत महत्त्व देखिन नआउने।

निज प्रतिवादीहरूका साक्षी रामप्रसाद आचार्य र लक्ष्मी परियारको बकपत्रको व्यहोरालाई हेर्दा यी प्रतिवादीहरू सिधा साधा मानिस हुन्। यस्तो मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यमा निजहरूको संलग्नता छैन । यस्तो कार्य गर्ने यी प्रतिवादीहरू होइनन् भनि उल्लेख गरेको देखिएबाट उक्त बकपत्रको व्यहोराले प्रतिवादीहरूको आचरणगत विषयका सम्बन्धमामात्र सिमित रहेको देखिने।

वस्तुतः कुनै अभियुक्तको साक्षीले अदालतमा उपस्थित भई बकपत्र गर्दा केवल अभियुक्तको आचरणगत विषयमामात्र सिमित रहि निजको आचरण राम्रो रहेको भनि बकेको आधारमामात्र अभियुक्तको आरोपित कसुरमा संलग्नता थिएन छैन भनि भन्नु उपयुक्त र तर्कसङ्गत नहुने।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ मा कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकामा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्‍याउनु पर्नेछ भन्ने व्यवस्था भएकाले प्रस्तुत मुद्दाको वारदातलाई निरपेक्ष दायित्व (strick liability) अन्तर्गत राखेको पाइन्छ। यसरी उक्त दफा ९ बमोजिम

निर्दोषिताको जिकिरलाई विश्वसनीय तवरबाट प्रमाणित गर्नुपर्ने दायित्व यी पुनरावेदक प्रतिवादीहरूमा नै रहने हुन्छ । तर कुनै पनि वस्तुपरक र तथ्यपरक प्रमाणबाट यी पुनरावेदक प्रतिवादीहरूले आरोपित कसुरमा आफ्नो संलग्नता नरहेको भन्ने कुराको पुष्टि गराउन नसकेको र मुख्य अभियुक्त फडिन्द्र भन्ने दिपेन्द्र श्रेष्ठ अद्यावधि फरार रहेको अवस्थासमेत देखिइरहेको परिप्रेक्ष्यमा अभियोग माग दाबीबमोजिम यी पुनरावेदक प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम कैद, जरिवाना तथा पीडितलाई क्षतिपूर्ति भराउने गरि भएको पुनरावेदन अदालत बुटवलको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने हुँदा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १७(१) बमोजिम सुरू नवलपरासी जिल्ला अदालतले पुनरावेदक प्रतिवादीहरूलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरि पीडितहरूलाई क्षतिपूर्ति भराईदिनुपर्ने बाध्यात्मक व्यवस्थाबमोजिम पीडितहरूलाई क्षतिपूर्ति नभराइदिएको हदसम्म त्रुटि भएकाले दुवै पुनरावेदक प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१)(ज) बमोजिम जनही ५ वर्ष कैद र रू. २५ हजार जरिवाना गरि पीडितहरूलाई ऐ. ऐनको दफा १७(१) बमोजिम जनही जरिवाना रू.२५०००। (पच्चीस हजार) को ५० प्रतिशतले हुने रकम रू. १२,५००। (बाह्र हजार पाँचसय) क्षतिपूर्ति भराइदिने गरि भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।११।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७१ साल चैत १८ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-०२७०, उत्प्रेषण / परमादेश, *राजेन्द्र के.सी. वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत*

रिट निवेदकलाई ९० दिन लगातार कार्यालयमा हाजिर नभएको भनि विभागीय कारवाही गर्ने गरेकोतर्फ हेर्दा माथि उल्लिखित कानूनी व्यवस्थाबमोजिम बिदा दिने अख्तियारवाला व्यक्तिले आफूले गर्नुपर्ने कार्य नगरि आफ्नो जिम्मेवारीबाट बिमुख भई अन्यत्र दिशाबोध भई यी रिट निवेदकलाई विभागीय कारवाही गर्ने भनि कारवाहीको थालनी भएको कार्य कानूनविपरीत भई उत्प्रेषणको आदेशले बदर हुने देखिने ।

निवेदक राजेन्द्र के.सी.ले माग गरेको अध्ययन बिदा स्वतः स्वीकृत भएको अवस्थामा निजले आफ्नो Ph.D (विद्यावारिधी) तहको अध्ययन पूरा गरि नेपाल फर्की आएपश्चात् आफ्नो दरबन्दी रहेको विभागमा उपस्थित भई हाजिर गराइपाउँ भनि दिएको निवेदनपश्चात् निजलाई हाजिर गराई कामकाजमा लगाउनु पर्ने दायित्व वन तथा भू-संरक्षण मन्त्रालय र वन विभागको रहेकामा सो नगरि निवेदकलाई विभिन्न बहाना गरि कानूनले निर्दिष्ट गरेको कार्य नगरि हाजिर नगराएको कार्य मिलेको देखिएन । यसर्थ यी रिट निवेदकलाई आफू स्वयम् वन तथा भू-संरक्षण मन्त्रालयमा उपस्थित भई हाजिर गराई कामकाजमा लगाई पाउँ भनि निवेदन दिएको मितिबाट नै हाजिर भएको मानि निजले पाउने कानूनबमोजिमको पारिश्रमिक र अन्य सुविधासमेत पाउने हुँदा निवेदकले माग गरेको अध्ययन बिदा स्वीकृत गरि निवेदकलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१(६) बमोजिम सेवाबाट हटाउनेतर्फको कारवाही प्रारम्भ गरेको

उत्प्रेषणको आदेशले बदर भई र निवेदकको निवेदन मागबमोजिम आदेश जारी हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७२ साल साउन २६ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७०-WO-००४०, उत्प्रेषण, राजेन्द्र के.सी. विरूद्ध वन तथा भू-संरक्षण व्यवस्था मन्त्रालयसमेत भएको मुद्दा यसैअनुसार फैसला भएको छ।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-११६७, उत्प्रेषण / परमादेश, *केदार बराल वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत*

रिट निवेदकको मुख्य निवेदन दाबी विपक्षीमध्येका राजेन्द्र के.सी.लाई लगातार कार्यालयमा बिदा स्वीकृत नगराई ९० दिनभन्दा बढी गयल भएकाले निजउपर सेवाबाट हटाउने कारवाही प्रारम्भ भएको हुँदा त्यस्तो व्यक्तिलाई लोक सेवा आयोगबाट बढुवा सूचना नं. १९८/०६९-७०, विज्ञापन नं. २४४१/०६९-७० वन सेवा फरेष्ट रिसर्च रा.प. द्वितीय श्रेणीको उपसचिव पदमा सफल मुख्य उम्मेदवारको रूपमा घोषणा गरिएको र मलाई वैकल्पिक उम्मेदवारको रूपमा घोषणा गरिएको छ। मुख्य उम्मेदवारलाई विभागीय कार्वाहीको प्रारम्भ गरिएकाले मलाई उक्त पदमा सिफारिस गरिपाउँ भन्ने रहेको देखिन्छ। सर्वप्रथमतः मुख्य उम्मेदवारले नियुक्तिपत्र बुझ्न कानूनबमोजिम इन्कार वा अस्वीकार गरेमा वा कुनै कारणबस सो पदमा मुख्य उम्मेदवारले नियुक्तिपत्र बुझेर पनि १ वर्षभित्रै कुनै कारणबाट उक्त पद रिक्त हुन आएमा मात्र वैकल्पिक उम्मेदवारले नियुक्ति पाउने सम्भावना रहन्छ। जब मुख्य उम्मेदवारले नै बढुवाको पत्र माग गरिरहेको अवस्थामा निवेदन दाबी पुग्ने अवस्था नै रहँदैन। त्यसका अलावा यी रिट निवेदक हाल नेपाल वन सेवा जनरल फरेष्ट समूह, राजपत्राङ्कित द्वितीय श्रेणी (प्रा.) उपसचिव पदमा बढुवा भई पदस्थापनसमेत भई कार्य गरिरहेको भनि वन तथा भू-संरक्षण मन्त्रालयको प.सं. ज.व्य/व्य.फा. ०७०/७१ नं. ४४४१ मिति २०७१।२।१४ को पत्रद्वारा देखिएको छ। निवेदकले जुन विषयवस्तुलाई लिएर निवेदन दाबी गरेको हो सो प्राप्त गरि निज हाल बढुवा भै कार्यसमेत गरिरहेको देखिँदा प्रस्तुत निवेदनको कुनै औचित्य नै नरहेकाले यसमा केही बोलिरहनु पर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७२ साल साउन २६ गते रोज ३ शुभम्।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-१३१६, भ्रष्टाचार, *नेपाल सरकार वि. देवीलाल राय अमात*

श्री लक्ष्मीबल्लभ नरसिंह उच्च माध्यमिक विद्यालय, बभनगामाकट्टी सप्तरीको च.नं.१३ मिति २०६८।५।७ र जिल्ला शिक्षा कार्यालय, सप्तरीको प.सं. च.नं.१६३६ मिति ०६८।९।११ को पत्रमा प्रतिवादी देवीलाल राय अमातले २०५७ सालको टेष्ट परीक्षामा सम्मिलित भई उत्तीर्ण गरेको हो भन्ने व्यहोरा उल्लेख गरि प्रमाणीकरण भई आएको देखिँदा निज प्रतिवादीले पेस गरेको टेष्ट परीक्षाको प्रमाणपत्र नक्कली नभई सक्कली नै भएको तथ्य मिसिल संलग्न सम्बन्धित विद्यालय र जिल्ला शिक्षा कार्यालय, सप्तरीको पत्रबाट स्थापित हुन आयो। कुनै पनि विद्यार्थीको/परीक्षार्थीको अभिलेख सम्बन्धित विद्यालय र सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा

रहन्छ । अधिकारप्राप्त निकायबाट यी प्रतिवादीले SLC Test परीक्षा पास गरेको भनि विवरण उपलब्ध गराएकाले सो पत्र/विवरणलाई असत्य हो भनि वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिर एवम् यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने हुँदा मिति २०६७।१२।१५ र २०६८।५।७ को मिसिल संलग्न श्री लक्ष्मीबल्लभ नरसिंह उच्च माध्यमिक विद्यालयको पत्र र जिल्ला शिक्षा कार्यालय, सप्तरी राजविराजको मिति २०६८।९।११ को मिसिल संलग्न पत्रानुसार प्रतिवादी देवीलाल राय अमातले २०५७ सालको टेस्ट (Test) परीक्षामा सम्मिलित भई उत्तिर्ण गरेको देखिँदा प्रतिवादीले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ भनि विशेष अदालत, काठमाडौंले मिति २०६८।१२।१९ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७२ साल जेठ ७ गते रोज ५ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०६९-CI-००३९, अंश दपोट, *प्रेमलाल लोध वि. औधराजी लोध*

अंश हक जन्मका आधारमा कानूनबमोजिम प्राप्त हुने नैसर्गिक हक हो । अंश मुद्दामा वादी प्रतिवादीले पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाहेक अन्य सगोलको अबन्डा सम्पत्ति रहे भएको अवस्थामा वादीका पति विद्यासागर र ससुरा झिल्कुले पेस भएको तायदाती फाँटवारीमा आपत्ति गरेनन् भन्दैमा उक्त अबन्डा सम्पत्तिबाट यी वादीको अंश पाउने हकबाट वञ्चित गर्न मिल्दैन । तायदाती सुनि पाएको बखत तत्काल सबै सम्पत्तिको पूरा जानकारी सबै अंशियारलाई हुन्छ भन्न मिल्दैन । जब कुनै सम्पत्ति बन्डा हुन बाँकी र तायदातीमा देखाइएको थिएन भनि जानकारी हुन्छ तब नालेस गर्ने कुरा हुन्छ । सम्पत्तिको जानकारी बिना नै नालेस गर्न सकिने अवस्था नै हुँदैन । तसर्थ तायदाती सुनि पाएको कागज गर्दा विरोध गरेन भन्दैमा कसैको अंश हक स्वतः समाप्त हुने होइन । वादी दाबीका जग्गाहरू २०३४ सालमा निजी तवरबाट वा आफ्नो निजी ज्ञान, सीप, प्रयासबाट वा कसैबाट दान, बकस वा अपुतालीबाट प्राप्त गरेको मिसिल प्रमाणबाट देखिँदैन । सगोलमा रहे बसेको अवस्थामा सगोलका कुनै अंशियारले खरिद गरेको सम्पत्तिमा यी वादीको अंश हक लाग्न सक्दैन भन्न मिल्दैन । यसरी पुनरावेदक प्रतिवादी प्रेमलाल लोध र दुलारे लोधका नाममा रहेको अबन्डा सम्पत्तिमा वादी प्रतिवादीको समान हक लाग्ने देखिँदा दाबीको जग्गाबाट आधा जग्गा विद्यासागर लोधकी पत्नी यी वादी औधराजी लोधिनले पाउने नै देखियो । वादी दाबीका १-५-६ जग्गालाई अबन्डा ठहर्‍याई वादी प्रतिवादीका बिच बन्डा लाग्ने ठहर्‍याएको पुनरावेदन अदालतको फैसलामा कानूनी त्रुटि रहेको नदेखिने ।

वादी दाबीका जग्गा यी प्रतिवादी प्रेमलाल लोधले अंश मुद्दाको तायदाती फाँटवारीमा नदेखाए पनि २०३२ सालदेखि मानो छुट्टिएको भनि यस मुद्दामा दाबी गरेको देखिन्छ । वादीले दाबी गरेका प्रेमलाल लोधका नाममा दर्ता रहेको कि.नं.२६६, ३०६, ३९७, ३९८, ४००, ४०२ र ४६५ समेतका १०१९ र दुलारे लोधका नाममा दर्ता रहेको कि.नं. ४२५ को ०४७ जग्गा गरि जम्मा १५६ जग्गा बन्डा गर्न बाँकी रहि अबन्डा जग्गा रहेको देखियो । यसरी अबन्डा

रहेको जग्गामध्येबाट आधा जग्गा विद्यासागरकी पत्नी यी वादी औधराजी लोधिनले पाउने देखिने।

वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६७।२।२३ को फैसला उल्टी गरि प्रतिवादी प्रेमलाल लोधका नाममा रहेको १०१९ र दुलारे लोधका नाममा रहेको ०४७ समेत जम्मा १५६ जग्गा बन्डा लाग्ने ठहर्‍याई उक्त जग्गाबाट आधा जग्गा विद्यासागर लोधकी पत्नी वादी औधराजी लोधिनले पाउने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।८।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको वादी दाबी पुग्न नसक्ने ठहर्‍याई पाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल कात्तिक २० गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०७२-WO-०१७४, उत्प्रेषण, *उद्धवप्रसाद पनेरू वि. निजामती किताबखानासमेत*

कसैको जन्म मिति यकिन हुन नसकेको अवस्थामा कानूनको सहाराबाट जन्म मिति यकिन गरिनु उचित हुन्छ । तर, जन्म मिति स्पष्टरूपबाट देखिएको अवस्थामा तर्क वितर्क गरि तर्कको आधारमा विषय वस्तुलाई अल्मल्याई कानूनको प्रयोग गलत ढङ्गबाट गरिनु हुन्न । कानूनले अल्झिएको समस्या सुल्झाउने हो यसले झन् तर्कको आधार दिई बटार्ने होइन । तर्क जहाँ पनि गर्न सकिन्छ । सुन्दा राम्रो पनि लाग्ला । तर, तर्क गर्न सकिन्छ भन्दैमा सबै तर्क अनुकरणीय हुँदैनन् । जुन तर्क विवेकपूर्ण र न्यायको नजिक हुन्छ त्यही तर्क सही र सर्वस्वीकार्य हुन्छ । निवेदकले सिटरोल फाराम भर्नुपूर्व लोक सेवा आयोगमा निवेदन दिँदा उल्लेख गरेको जन्म मिति सिटरोल फाराम र नागरिकताको प्रमाणपत्रमा उल्लिखित क्रमश १८ र १७ वर्ष लागिसकि आधाभन्दा बढी समय ब्यतित भइसकेको हुँदाहुँदै निजको जन्म मिति यकिन गर्न अरू तर्क र वितर्क गर्नु उचित देखिन नआउने हुँदा निवेदकले सेवामा प्रवेश गर्दा भरेको लोक सेवा आयोगको फाराममा उल्लिखित जन्ममिति २०१५।१।८ का आधारमा मिति २०७३।१।८ बाट अनिवार्य अवकाश हुनु पर्नेमा २०७२।११।२५ बाट अनिवार्य अवकाश दिने ठहर्‍याएको निजामती किताब खानाको मिति २०७२।४।११ को निर्णय र सो निर्णयका आधारमा तयार भएको मिति २०७२।५।१० को अवकाशसम्बन्धी जानकारी पत्र उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७२ साल माघ ५ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०७०-CI-०७२९, अंश दर्ता, बनु *साह सोनार वि. बच्चा साह सोनारसमेत*

एउटै परिवारका एक सदस्यले निजका नामको सगोलको जग्गा सोही परिवारका अर्का सदस्यलाई हालैको बकसपत्र गरिदिँदा उक्त सम्पत्ति निजी आर्जनको हुने होइन । तसर्थ कि.नं. ५५ को घर जग्गा बन्डा लाग्दैन भन्न मिल्दैन । प्रतिवादीले कि.नं. ५५ को जग्गा निजी आर्जनको सम्पत्ति हो भनि जिकिर लिनुमात्र निजी सम्पत्ति ठहर हुने पर्याप्त आधार हुन सक्दैन । सो सम्पत्ति निजी आर्जनको हो भन्ने मिसिल संलग्न स्वतन्त्र, तथ्यगत र वस्तुनिष्ठ प्रमाणबाटसमेत पुष्टि हुनु पर्दछ । कुन्तीदेवीका नामदर्ताको जग्गा बच्चा साहकी पत्नी सावित्री देवीलाई हालैको बकसपत्र गरि

दिएको कि.नं. ५५ को जग्गा बन्डा लाग्नु नपर्ने सम्पत्ति हो भनि मान्न मिल्ने अवस्था नदेखिँदा कि.नं. ५५ को ०-०-४ जग्गाबाट वादीले अंश पाउने नै देखिँदा वादीले अंश पाउने तर बन्डा गर्नुपर्ने सम्पत्ति नदेखिएकाले अंश बन्डा गर्नु नपर्ने ठहर्‍याएको सुरू बारा जिल्ला अदालतको मिति २०६५।८।२३ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।७।२७ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादीले प्रतिवादीबाट कि.नं. ५५ को ०-०-४ को जग्गाबाट २ भागको १ भाग अंश पाउने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल कात्तिक २० गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०७०-CR-१००३, जालसाज, *शम्भु राउत कुर्मीसमेत वि. बच्चा साह सोनारसमेत*

वादी बच्चा साह सोनार र सावित्री देवीले कि.नं. १२१५ को ०-०-४ जग्गा र सो जग्गामा बनेको घरसमेतबाट २ भागको १ भाग लिखत बदर भई वादीका नाममा दर्ता हुने ठहरिएको देखियो । यसरी दाबीको जग्गा वादीको हक लाग्ने जति घर जग्गामा वादीको हक प्राप्त भइसकेको अवस्थामा वादीको अंश हकबाट वञ्चित गरेको देखिएन । वादीको हक कि.नं. १२१५ को जग्गामा स्थापित भई रहेको देखिँदा दाबीको र.नं. ५५७१ क मिति २०६२।११।११ को लिखतलाई जालसाजी ठहर गर्नुपर्ने अवस्था नदेखिँदा र.नं.५५७१ मिति २०६२।११।११ को लिखत जालसाजी गरेको ठहर्‍याई प्रतिवादीहरूलाई जरिवानासमेत हुने ठहर्‍याएको सुरू बारा जिल्ला अदालतको मिति २०६५।८।२३ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।७।२७ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी नपुग्ने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल कात्तिक २० गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०६८-CR-००८६, कर्तव्य ज्यान, *अर्जुनकुमार विष्ट वि. नेपाल सरकार*

मुलुकी ऐन, अ.बं. १७६ नं. मा "गैह्र मुद्दामा अभियोग लागेको मानिस फैसला नहुँदै मर्‍यो भने सो मर्नेलाई खत बात लाग्दैन । सकार गरेको मुद्दामा पनि सकार गर्ने व्यक्तिलाई सो सकार गरेको नाताले मात्र अपराधी ठहर्‍याउन हुँदैन" भन्ने कानूनी प्रावधान रहेको देखिन्छ । त्यसैगरि मुलुकी ऐन, दण्डसजायको ३ नं. मा "जरिवाना, कैद वा विशौंद लागेको मानिस सो असुल नहुँदै मर्‍यो भने ऊ मरेपछि माफ हुन्छ" भन्ने कानूनी प्रावधान रहेको देखिन्छ । उक्त कानूनी प्रावधानअनुसार गैह्र मुद्दामा अभियोग लागेको व्यक्ति फैसला नहुँदै मर्‍यो भने खतबात लाग्दैन र जरिवाना, कैद र विशौंद लागेको व्यक्ति सो असुल नहुँदै मरेपछि निजलाई लागेको जरिवाना, कैद वा विशौंदसमेत माफ हुने देखिएको र प्रस्तुत मुद्दामा प्रतिवादी अर्जुनकुमार विष्ट अदालतको फैसलाले ठहर्‍याएको कैद भुक्तान गरि रहेको अवस्थामा कारागार कार्यालय, मोरङमा मिति २०६९।१०।६ मा मृत्यु भएको तथ्य कारागार कार्यालय, मोरङको उक्त पत्रबाट देखिन्छ । फौजदारी मुद्दामा अपराधीसँगै अपराधसमेत मर्दछ भन्ने फौजदारी न्यायको सिद्धान्त र मुलुकी ऐन, अ.बं. १७६

नं. बमोजिम मर्ने प्रतिवादीलाई खत बात नलाग्ने हुँदा प्रस्तुत मुद्दामा केही गरिरहन नपर्ने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल मङ्सिर १४ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७०-CR-०६२९, सम्पत्ति शुद्धीकरण, *दावा टासी लामा वि. नेपाल सरकार*

निकै ठूलो परिमाणको रकम कसैले बोकेको सुटकेसबाट बरामद हुन्छ र त्यसको साँचो पनि निजबाटै बरामद भएको अवस्थामा रकमको मालिक यो हो भनि यकिन वतनसमेत देखाई पहिचान गराउन नसकेको अवस्थामा जसको साथबाट बरामद भएको हो उक्त रकम विषयको सम्पूर्ण कानूनी दायित्व निर्वाह गर्नुपर्ने जिम्मेवारी उसैमा रहने ।

कसैसँग अस्वभाविक सम्पत्ति देखियो भने त्यसको वैधानिक स्रोत वा जायज आर्जन थियो भनि प्रमाणित गर्ने प्रमाणको भार प्रतिवादीमा रहेको हुन्छ । प्रतिवादीले सम्पत्तिको स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भनि मान्नुपर्ने ।

विदेशी विनिमय बिना इजाजत प्रतिवादीसँग रहनु एउटा अपराध हो भने, अत्यधिक मात्रामा स्रोत देखाउन नसकिने रकम आफ्नो साथ राख्नु अर्को अपराध हो । विदेशी विनिमय मुद्दा जिल्ला अदालतमा चल्ने मुद्दा हो भने सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा विशेष अदालतमा सुरू कारवाही हुने मुद्दा हो । सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा ४ को (ङ) मा सम्पत्ति शुद्धीकरण मानिने कसुरमा *"विदेशी विनिमय नियमित गर्नेसम्बन्धी प्रचलित कानूनअन्तर्गतको कसुर गरि"* भन्ने उल्लेख भएको पाइन्छ । यसबाट विदेशी विनिमय नियमित गर्ने कसुरलाई समेत सम्पत्ति शुद्धीकरण ऐनले मुद्दा चलाउन बाधा पार्ने देखिँदैन । सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ र विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ अनुसार छुट्टाछुट्टै ऐनले कसुर मानेको हुँदा अलग अलग ऐनले व्यवस्था गरेको कसुरलाई एउटै कसुर मान्न मिलेन । साथै बरामदी रकम प्रतिवादीबाट बरामद भएको र सो रकमको आधिकारिक तथा वैधानिक स्रोत प्रतिवादीले खुलाउन नसकेको अवस्थामा आर्थिक अवस्था र हैसियत कमजोर छ भन्ने आधारमा मात्र आरोपित अभियोग दाबीबाट प्रतिवादीले सफाई पाउने अवस्था नरहने ।

प्रतिवादी दावा टासी लामाबाट बरामद युरो १,९५,०००।– को आधिकारिक स्रोत निजले दिन नसकेकाले सम्पत्ति शुद्धीकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा ३ ले निषेधित र दफा ४(ङ) र दफा २८ अनुसारको कसुर ठहराई प्रतिवादी दावा टासी लामालाई सोही ऐनको दफा ३०(२) बमोजिम २(दुई) वर्ष कैद र विगोबमोजिम रू.२,१८,५५,६००।– जरिवाना हुने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०७०।३।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७२ साल पुस १४ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६९-CI-०१६६, निषेधाज्ञा,

*सत्यनारायण मण्डल वि. रामनारायण रजकको हकमा श्रीमती मनतोर साफी*

दुई तहबाट मुद्दा जितिसकि दाखिल खारेज पुर्जी लिनसमेत गइसकेको अवस्थामा आफ्नो हकको सम्पत्तिमा रहेका रूख आदि काटेमा हालसम्म हक पुग्ने देखिएकामा अदालती कारवाहीमा ढिलासुस्ती पारी नामसारी हुँदासम्ममा सम्पत्तिको स्वरूपमा प्रतिकूल असर पारी प्रत्यर्थी निवेदिकाको हक कुण्ठित हुन जाने हुँदा त्यस्ताले निषेधाज्ञाको निवेदन लिई उपचार खोज्नु यथोचित नै देखिन्छ । कसैको हक स्पष्टरूपमा पुगेको देखिरहेको अवस्थामा कानूनी प्रक्रिया र पक्षको काम कारवाहीले नामसारी दाखिल खारेज हुन ढिलाई हुँदैमा हक पुग्नेको सम्पत्तिको उपभोग र सुरक्षार्थ आएको निवेदनलाई उपचार दिन इन्कार गर्न मिल्दैन । पुनरावेदक विपक्षीले जग्गाको दर्ता र भोगसमेतमा विवाद देखाएकोबाट निजबाट निवेदिकाको दुई तहको फैसलाबाट जिती पाएको र दाखिल खारेज पुर्जीको लागि सम्बन्धित कार्यालयमा गइसकेको अवस्थामा फैसलाबाट हक प्राप्त सम्पत्तिमा प्रतिकूल असर पर्ने पक्का आशङ्काको स्थिति रहेको देखिन आएको छ । कसैको सम्पत्तिमा प्रतिकूल प्रभाव पार्ने कुनै कार्यको पक्का आशङ्का विद्यमान रहेको अवस्थामा अदालतबाट नागरिक अधिकार ऐन, २०१२ को दफा १७ अनुरूप त्यो कार्य निषेधित गर्न निषेधाज्ञाको आदेश हुनसक्ने नै हुँदा निवेदन दाबीको कि.नं. ६४७ को ज.बि. ०-१-१ मध्ये पूर्वतर्फबाट जग्गा बिघा ०-०-१५ को लिखत बदर भई निवेदिकाको सो जग्गामा हकाधिकार भएको देखिँदा सो जग्गामा जोतभोग गर्न निवेदिकालाई अवरोध नगर्नु र सो जग्गामा रहेको रूख नकाट्नु भनि विपक्षीका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।३।५ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम् ।

## इजलास नं. ५

### १

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०५००, ०६९-CR-०४४८, कर्तव्य ज्यान, *कृष्णबहादुर नेपाली वि. नेपाल सरकार, नेपाल सरकार वि. कुलबहादुर बागचन्द*

जाहेरवाला पानसरा वि.क. तथा मौकामा कागज गर्ने कमला वि.क., तिले कामी र टेकबहादुर वि.क.ले मृतक बत्तिसरा वि.क.लाई प्रतिवादीले मारेको हो भनि स्पष्टसाथ बकपत्र गरिदिएको अवस्था छ । मृतक बत्तिसरा वि.क. को कर्तव्यबाट मृत्यु कर्तव्यबाट भएको भन्ने सम्बन्धमा विवाद देखिँदैन । निज मृतक र यी प्रतिवादी कृष्णबहादुर नेपालीबिचको लोग्ने स्वास्नीको सम्बन्ध तनावपूर्ण रहेको भन्ने निजले नै अदालतमा गरेको बयानबाट खुल्न आएको देखिन्छ, निज प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको साबिति बयानलाई जाहेरवाला तथा मौकामा कागज गर्ने व्यक्तिहरूको कागज तथा बकपत्रबाट समर्थित भैरहेको देखिँदा निज प्रतिवादीको अदालतसमक्षको इन्कारी बयान निजलाई सफाइ दिने आधार बन्नसक्ने नदेखिने ।

प्रतिवादीका उपर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ४ नं. तथा २५ नं. को कसुर गरेको भनि अभियोग मागदाबी रहेको पाइन्छ । तर मृतक बत्तिसरा वि.क.को लास फेला परी घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का हुनुको साथै शव

परीक्षणसमेत भएको र मुख्य कसुरदार रहेको सह अभियुक्त प्रतिवादी कृष्णबहादुर नेपालीलाई निजले दबाउने भगाउने कार्य गरेको भन्ने तथ्य स्थापित भएको नपाइएको मिसिलबाट स्पष्ट भैरहेको अवस्था छ। जसबाट लासजाँच भै नसक्दै दबाउनका मतलबले लास जलाउने, गाड्ने, फाल्ने वा सो कुरा गर्न लगाएमा सजाय हुने गरि भएको ज्यानसम्बन्धीको महलको ४ नं. को व्यवस्था र ज्यान मरिसकेको कुरा चाल पाई जाहेर नगरि कसुरदारलाई दबाउने भगाउने कार्य गरेमा सजाय हुने गरि भएको ज्यानसम्बन्धीको महलको २५ नं. को व्यवस्था यी प्रत्यर्थी प्रतिवादी कुलबहादुर नेपालीको हकमा आकर्षित हुनसक्ने नदेखिने।

जाहेरवालाले किटानी जाहेरी दिएको, सोही व्यहोरालाई पुष्टि गर्दै अदालतसमक्ष जाहेरवालाले बकपत्र गरेको प्रतिवादी कृष्णबहादुर नेपालीले घटनास्थलबाट लासलाई बोकि भीर पाखोमा फाल्ने क्रममा कुलबहादुर नेपालीले टर्चलाइट देखाई कृष्णबहादुर नेपालीलाई सहयोग गरेको भनि कृष्णबहादुरको साबिति बयान गरेको अवस्था विद्यमान हुँदाहुँदै प्रतिवादी कुलबहादुर नेपालीले अदालतमा इन्कार रहि बयान गरेको आधारमा मात्र निजलाई अभियोग दाबीबाट सफाइ दिने गरि भएको सुरू तथा पुनरावेदन अदालतको फैसला उल्टी गरि प्रतिवादी कुलबहादुर नेपालीलाई समेत अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भनि विद्वान् सहन्यायाधिवक्ताले लिनु भएको बहस जिकिरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादी कृष्णबहादुर नेपालीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादी कुलबहादुर नेपालीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको सुरू जाजरकोट जिल्ला अदालतको मिति २०६८।९।२१।५ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६९।३।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ ४ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०९३९, उत्प्रेषण / परमादेश, *युखबहादुर लिम्बूसमेत वि. जिल्ला शिक्षा कार्यालय, तेह्रथुम र सोका प्रमुखसमेत*

जिल्ला शिक्षा समिति, तेह्रथुमको मिति २०६८।४।१० को निर्णयले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रहेका निवेदकहरूको कानूनी हक अधिकारमा असर परेको भन्ने निवेदकहरूले देखाउन सकेको पाइँदैन । निवेदनमा नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त हकमा असर परेको भन्नेसम्म उल्लेख गरेको भए तापनि नागरिक अधिकार ऐन, २०१२ ले निवेदकहरूलाई प्रदान गरेको कुन अधिकारमा जिल्ला शिक्षा समिति, तेह्रथुमको निर्णयले आघात पुर्‍याएको हो निवेदकहरूले खुलाउन सकेको पाइँदैन। निवेदकहरू व्यवस्थापन समितिको अध्यक्ष भएको विद्यालयबाट शिक्षक सरूवा गर्ने वा अन्य विद्यालयबाट शिक्षक सरूवा गरि उक्त विद्यालयमा पठाउने निर्णयले निवेदकहरूको कानूनी हक अधिकारमा आघात पुग्न गएको अवस्था नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुनु पर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६९।२।२९ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकहरूको पुनरावेदन

जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असार ८ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०९८३, निषेधाज्ञा, *सत्यनारायण पासीसमेत वि. जिलेदार पासी*

निवेदन दाबीमा कि.नं.१३८, १६, २०८ को जग्गा आफ्नो मोहियानी हक कायम भएको जग्गा हो, निवेदकले उक्त जग्गाबाट आफूहरूलाई हटक गरेको हुँदा सोसम्बन्धमा मोही बेदखली मुद्दा दायर गर्ने तथा फिल्डबुकमा नाम समावेश गराउने प्रक्रिया जारी रहेको भन्ने व्यहोरा उल्लेख गर्नुको साथै मोहीको प्रमाणपत्रको नक्कल तथा फिल्डबुकको प्रतिलिपिसमेत पेस गरेको अवस्था छ । निवेदन दाबीमा उल्लिखित जग्गामा मोहियानी हकसमेतको विवाद समावेश भएको भन्ने लिखित जवाफबाट देखिइरहेको अवस्था हुँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६९।६।२४ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असार ८ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-०८०५, ०६४१, लागु औषध, *Baba Umoru वि. नेपाल सरकार, नेपाल सरकार वि. नुर बानु*

कतिपय सङ्गीन फौजदारी मुद्दामा प्रमाण पुर्‍याउने भार प्रतिवादी स्वयम्मा निहित हुन्छ । लागु औषध ऐनअन्तर्गत चल्ने मुद्दा निरपेक्ष फौजदारी दायित्वअन्तर्गतको अपराध भएको र आफू निरपराध रहेको कुराको पुष्ट्याई वस्तुगत प्रमाणको आधारमा अभियुक्त स्वयम्ले गर्नुपर्ने ।

प्रतिवादी Dulcineia त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लागु औषधसहित पक्राउमा परेको र निजको पोलका आधारमा प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू Baba Umoru र नुर वानुको डेरामा खानतलासी गर्दा २३ ग्राम सेतो हेरोइन बरामद भएको अवस्था देखिन आएकाले प्रस्तुत वारदात छुट्टै नभई एउटै अपराधको शृङ्खला भएको हुँदा प्रतिवादीले एकपटक सजाय पाइसकेपछि पुनः सोही कसुर गरेको मान्न मिल्ने अवस्था छैन । एकै दिनमा एउटै वारदातको सिलसिलामा भएका घटना वारदातलाई पटकपटक कायम गरि सजाय गर्न मिल्ने नदेखिने ।

प्रतिवादीमध्येका बाबा उमोरूलाई लागु औषध (नियन्त्रण) ऐन,२०३३ को दफा १६ अनुसार थप सजाय गर्ने गरेको र निजका साथ रहेकी प्रतिवादीमध्येकी नुर वानुलाई निजहरूकै दराजबाट लागु औषध सेतो हेरोइन बरामद भएको अवस्थामा मतियारसम्म ठहर्‍याई ऐ. ऐनको दफा १७ अनुसार सजाय गरेको हदसम्म सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।३।६।२ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदक प्रतिवादी बाबा उमोरूका हकमा दफा १६ बमोजिमको सुरू अभियोग दाबी पुग्न नसक्ने र प्रतिवादीमध्येका नुर वानुलाई सुरू अभियोग दाबीअनुसार दफा ४(घ)(ङ)(च) को कसुरमा दफा १४(१)(छ)(१) बमोजिम ८ वर्ष कैद र रू.२०,०००।- (बीस हजार) जरिवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।२३ को

फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अभियोग माग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर तथा प्रतिवादी बाबा उमोरू तथा नुर बानुलाई ऐजन ऐनको दफा १६ बमोजिम लागु औषधमा दोस्रो पटक कायम गरि सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ ४ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-१३९२, उत्प्रेषण / परमादेश, *तेजनाथ रिजालसमेत वि. जिल्ला विकास समितिको कार्यालय, पर्वत कुश्मासमेत*

ठेक्का बन्दोबस्तको लागि बोलपत्र आह्वान गरिएको जग्गा सार्वजनिक जग्गा हो भन्ने देखिँदा त्यसतर्फ निवेदकहरूको जग्गा सडकमा परि बाँकी कति हुन आउँछ । विवादित जग्गामा नक्सा गरि निवेदकहरूका दर्ताबाहेकको अन्य जग्गामा मात्र विपक्षीले ठेक्कासम्बन्धी बोलपत्र आह्वान गर्न पाउने देखिँदा सोतर्फ विचार पुर्‍याई निवेदकहरूको जग्गा यकिन गरिमात्र अब आइन्दा ठेक्कासम्बन्धी बोलपत्र आह्वान गर्नु गराउनु साथै अदालतको फैसलाको कार्यान्वयन गर्नु गराउनु विपक्षीको दायित्व भएको देखिँदा त्यसतर्फ अदालतको अवहेलना मुद्दा पुनरावेदन अदालत, बाग्लुङमा परिरहेको भन्ने बहस निवेदकहरूको तर्फबाट आएकाले अदालतमा विचाराधीन अवस्थामा रहेको मुद्दालाई असर पर्ने गरि बोल्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । रिट निवेदन नै खारेज भएको हुँदा यस अदालतबाट मिति २०७०।३।२७ मा जारी भएको अन्तरिम आदेश स्वतः निष्क्रिय हुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल वैशाख १० गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०११५, वैदेशिक रोजगार ठगी, *दानबहादुर शाही वि. नेपाल सरकार*

यी प्रतिवादीले वैदेशिक रोजगारसम्बन्धी ठगीको कसुर गरेको हुँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम सजाय हुन र बिगो तथा सोको हर्जानासमेत जाहेरवालालाई भराई पाउँ भन्ने अभियोग माग दाबी छ। सो कुरालाई यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष सहिछाप मेरो हो उक्त रकम बुझाउन तयार छु, मेरो छोरासमेत चारजनाको पार्टनरसिपमा काम गरेको हो, छोराका लागि मैले सहीछाप गरेको हो, सहीछाप गरेपछि पैसा तिर्नुपर्ने दायित्व भएको हो, वैदेशिक रोजगारीका लागि मानिस पठाउन श्रम स्वीकृति लिएको छैन भनि बयानमा भनेबाट यी प्रतिवादीले जाहेरवालालाई क्यानाडा पठाइदिन्छु भनि रकम लिई रोजगारीमा नपठाएको र पैसा फिर्ता पनि नदिएको भन्ने कुरा पुष्टि हुन आउने।

प्रतिवादीको वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजत पत्र पनि नभएको अवस्थामा वैदेशिक रोजगार सम्बन्धमा आफू अनभिज्ञ हुँदाहुँदै जाहेरवालालाई क्यानडा पठाइदिन्छु भनि विश्वस्त बनाई रकमसमेत असुल गरेको देखिन्छ । आफ्नो इजाजत पत्र नै नभएका यी प्रतिवादीले जाहेरवालालाई विश्वासमा पारी जाहेरवालाबाट पैसा असुल गरेको भन्ने कुरा स्पष्टरूपमा देखिन आयो। आफूसँग श्रम स्वीकृति नभएको भन्ने कुरा जानिजानि ठगी गरि जाहेरवालाबाट

रकम लिएको देखिन आयो । यसरी आफूलाई थाहा जानकारी हुँदाहुँदै योजनाबद्ध ढङ्गले मनसायपूर्वक जाहेरवालालाई फसाउने नियतले निजहरूबाट रकम असुल गरि लिए खाएको र जाहेरवालालाई ठगी गरि अनाहकमा दुःख दिएको भन्ने कुरा स्पष्टरूपमा देखिएबाट यी प्रतिवादीले वैदेशिक रोजगारसम्बन्धी ठगीको कसुर गरेको भन्ने देखिने ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० मा *"यस ऐनबमोजिम इजाजतपत्र नलिई कसैले पनि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने छैन" भन्ने कानूनी प्रावधान रहेको पाइन्छ भने सोही* ऐनको दफा ४३ मा *"कसैले दफा १० विपरीत इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाई दिन्छु भनि झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाई दिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम हर्जानाबापत असुल गरि त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराई निजलाई तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सातवर्षसम्म कैद हुनेछ । विदेश पठाइ नसकेको भए सो सजायको आधा सजाय हुनेछ"* भन्ने उल्लेख भएको देखिन्छ । उक्त कानूनअनुसार हेर्दा पनि यी प्रतिवादीले यी जाहेरवालालाई झुक्यानमा पारी विदेश पठाई दिन्छु भनि रकम लिनु खानु गरेको र विदेश नपठाएको कारणले जाहेरवालाले अनाहकमा दुःख पाएको भन्ने देखिँदा सो ऐनबमोजिमको कसुर यी प्रतिवादीबाट भएको भन्ने स्पष्टरूपमा देखिँदा प्रतिवादीउपर किटानी जाहेरी दरखास्त भएकामा सो कुरालाई प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानसमेतले पुष्टि गरेको, रोजगारीमा विदेश पठाइदिन्छु भनि रकम लिनुदिनु गरेको भन्ने कुरा जाहेरवाला र प्रतिवादीबिच भएको लिखतबाट पनि स्पष्टरूपमा देखिएको, वैदेशिक रोजगारीका लागि मानिस पठाउन श्रम स्वीकृति लिएको नदेखिएको समेतका माथि उल्लिखित आधार र कारणबाट यी प्रतिवादीले बिना इजाजत वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरि अभियोग दाबीबमोजिमको कसुर गरेको देखिएको र विदेश पठाइसकेको अवस्था नहुँदा प्रतिवादी दानबहादुर शाहीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ अनुसार १।६।० (एक वर्ष छ महिना ) कैद र रू.२,००,०००।- (दुई लाख रूपैयाँ) जरिवाना हुने तथा निजले जाहेरवालाबाट लिएको रकम रू.६,४०,०००।- र सोको ५० प्रतिशतले हुने रकम रू.३,२०,०००।- समेत जम्मा रू.९,६०,०००।- (नौ लाख साठी हजार रूपैंया) हर्जनाबापत जाहेरवालाले प्रतिवादीबाट भरिपाउने ठहर्‍याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६९।२।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल, हेमबहादुर सेन
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७२ साल असार ७ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०७९७, उत्प्रेषण/परमादेश, रघुनाथ राउत कहिरको *मु.स. गरि आफ्नो हकमा समेत परमा राउत अहिरसमेत वि. मंगल मतीया देवीको मु.स. गर्ने राजाप्रसाद यादवसमेत*

यसमा सर्वोच्च अदालतको मिति २०६४।६।२१ को फैसलाबमोजिम निवेदकहरूको नाउँमा रहेको सम्पत्तिबाट ३ खण्डको १ खण्ड अपुताली हक कायम हुने ठहरि भएको फैसलाको आधारमा फैसला कार्यान्वयनको लागि विपक्षी

राजाप्रसाद यादवको पर्सा जिल्ला अदालतमा निवेदन परि पर्सा जिल्ला अदालतले यी निवेदकहरूलाई समेत तारेखमा राखि कारवाही सुरू गरको देखिन्छ । फैसलाबमोजिम बन्डा छुट्याउने कार्यको लागि यी निवेदक तथा विपक्षीलाई डोरको तारिख तोकिएको भन्ने मिसिल संलग्न लिखित जवाफसमेतका कागजातबाट देखिन्छ । यसरी बन्डा छुट्याउने तारेख तोकेपछि डोरमा उपस्थित भै फैसलाबमोजिमको जग्गा बन्डा छुट्याउने कार्यमा सहयोग गर्नुपर्ने यी निवेदकको पनि कर्तव्य देखिन आउँछ । अदालतबाट खटिएको डोरसमक्ष उपस्थित भै डोरले छुट्याइदिएको बन्डा बुझि लिनु पर्नेमा यी निवेदकहरू डोरमा अनुपस्थित भएको कारण स्थानीय भद्रभलादमी तथा गाउँ विकास समितिको प्रतिनिधिसमेत रोहबरमा राखि नरमगरम मिलाई बन्डा छुट्याएको भन्ने मिसिल संलग्न बन्डा मुचुल्कासमेतबाट देखिन आउँछ । यसरी अदालतबाट खटिई गएको डोरले स्थानीय गाउँ विकास समितिको प्रतिनिधिसमेत साक्षी राखि नरमगरम मिलाई बन्डा छुट्याएको देखिएको अवस्था भै त्यस्तो बन्डा मुचुल्का बदर गरिपाउँ भनि निवेदकले जिल्ला अदालतसमक्ष दिएको निवेदनमा बन्डा मुचुल्का बेरीतको नदेखिँदा बदर गर्न मिलेन कानूनबमोजिम गर्नु भनि जिल्ला अदालतले आदेश गरेको देखिन्छ । जिल्ला अदालतले गरेको आदेशउपर यिनै निवेदकको पुनरावेदन अदालतमा निवेदन परेकामा पुनरावेदन अदालतले "निवेदकले आफ्नो अनुपस्थितिमा भएको बन्डा मुचुल्कासमेत भन्न नसकेको अवस्थामा बन्डा मुचुल्का अन्यथा नदेखिँदा जिल्ला अदालतको आदेशसमेत बदर गर्नु परेन" भनि आदेश गरेको देखिन्छ । यी निवेदकले आफ्नो अनुपस्थितिमा विपक्षीको घरमा बसी बन्डा छुट्याएको भन्ने जिकिर लिए तापनि यी निवेदकले बन्डा छुट्याएको कार्यमा उपस्थित भै मुचुल्कामा सहीसम्म नगरेको भन्ने पनि पुनरावेदन अदालत, हेटौंडाको आदेशबाट देखिन आएको छ । यसरी रितपूर्वक बन्डा छुट्याई बन्डाबमोजिम दा.खा. पुर्जीलगायतका कार्य भै बन्डाबमोजिम दा.खा. को लागि मालपोत कार्यालयमा निवेदन गरिसकेको अवस्थामा फैसला कार्यान्वयनको सिलसिलामा भएको बन्डालाई रिट क्षेत्रबाट हस्तक्षेप गरि अन्यथा गर्न सकिने अवस्था भएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७१ साल फागुन १७ गते रोज १ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०५५६, कर्तव्य ज्यान, *टंकबहादुर लिम्बू वि. नेपाल सरकार*

मृतक र यी प्रतिवादी लोग्ने स्वास्नी भएका र वारदातका दिन यी मृतक देवीमायाले रक्सी खाई मातेको अवस्थामा रहेको भन्नेमा विवाद देखिएन । अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा लेखाएका कुरा झुट्ठा हुन् भनि कसैले जिकिर लिन्छ भने त्यस्तो जिकिर लिनेले सो जिकिरलाई खम्बिर गर्ने वस्तुनिष्ठ प्रमाण वा तथ्य पेस गर्न सक्नुपर्छ । कुनै वस्तुनिष्ठ प्रमाण र तथ्यबिना जिकिर लिएकै आधारमा सो जिकिरलाई नै सत्य मानि निर्णय गर्दै जाने हो भने फौजदारी न्यायको मकसद र सिद्धान्तविपरीत हुन गई न्यायको औचित्य नै समाप्त भएर जान्छ । जहाँसम्म यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष श्रीमतीलाई

सजिवन र सिरिसको लट्ठीले हानेको भनि लेखाएको होइन भनि लिएको जिकिरको मूल्याङ्कन नगरि भएको फैसला त्रुटिपूर्ण छ भन्ने सम्बन्धमा हेर्दा यी प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा घरतर्फ जाँदै गर्दा खेतमा श्रीमतीसँग डिसकस हुँदा लट्ठीले कुटपिट गरेको भनि लेखाएको कुरा निजले अदालतसमक्ष बयान गर्दा मातेको अवस्थामा मृतक श्रीमती हिलो खेततर्फ पस्न लाग्दा त्यसो नगर्न सम्झाई बुझाई गरि गालामा थप्पड लगाएको र सजिवनको लौराले हिर्काएको भनि अदालतसमक्ष भएको बयानको स.ज. ५ मा खुलाएकोबाट पुष्टि भई यी प्रतिवादीले निजकी श्रीमती मृतक देवीमाया लिम्बूको कर्तव्य गरि हत्या गरेको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर गरि भएको सुरू फैसलालाई सदर गरि र ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ बमोजिमको सजाय निर्धारण गरिएको व्यक्तिका हकमा ज्यानसम्बन्धीको महलको १४ नं. ले तोकेको सजायभन्दा कम सजाय हुने अवस्था परेमा सजाय सन्तुलित हुन नसक्ने हुँदा केवल ५ वर्षमात्र कैदको सजाय हुन भनि सुरू अदालतले प्रस्तुत गरेको राय अ.बं. १८८ नं. को मर्म र भावनाअनुकूल नरहेकाले वारदातको प्रकृतिसमेतको मूल्याङ्कन गरि यी प्रतिवादीलाई १० वर्ष कैदको सजाय तोक्दा न्यायको मकसद पूरा हुने भनि यी प्रतिवादी टंकबहादुर लिम्बूलाई १० वर्ष कैदको सजाय हुने गरि अ.बं. १८८ नं. बमोजिमको राय व्यक्त गरि भएको पुनरावेदन अदालत, धनकुटाको २०६९।३।१८ को रायसहितको फैसला मिलेको देखिँदा सदर हुने । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७२ साल पुस १ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-११३१, १२६४, लेनदेन, *रूद्रबहादुर हुमागाई वि. हरेकृष्णप्रसाद सिंह, हरेकृष्णप्रसाद सिंह वि. रूद्रबहादुर हुमागाई*

पुनरावेदक प्रतिवादी रूद्रबहादुर हुमागाईले फिरादमा उल्लेख गरेको मिति २०६०।९।६ गतेको लिखितबमोजिमको रकम लिएको छैन भनि जिकिर लिए तापनि निजका वारेसले सुरू जिल्ला अदालतमा मुलुकी ऐन, अ.बं. ७८ नं. बमोजिम बयान गर्दा लिखतमा भएको सहिछाप होइन भनि इन्कार गर्न नसकी केवल सर्तनामाको कागज हो सर्तनामाबमोजिम वादी पक्षले बैंकमा भुक्तानी गरेको रकमको भरपाई भौचर पेस नगरेको र ठोस प्रमाण पनि नदिएकाले आफूले सो पालना गर्न बाध्य हुनु पर्दैन भनेकामा उक्त मितिको कागज सर्तनामाको कागज नभई मुलुकी ऐन, लेनदेन व्यवहारको महल बमोजिम प्रक्रिया पुर्‍याई कपाली तमसुकको कागज तयार भएको देखिन्छ । वादी पक्षले आफूले रू.२८,४४,०००।– बुझाएको जिकिर लिए पनि २०६१।३।३०, २०६१।८।२८ र २०६१।१२।५ मा पटकपटक गरि जम्मा रू.१९,५०,०००।- राष्ट्रिय वाणिज्य बैंक, विराटनगर शाखालाई बुझाएको उक्त बैंकको मिति २०६८।७।४ को पत्रले स्पष्ट पारेको देखिन्छ भने प्रतिवादीले गरेको लिखतमा उल्लिखित रकमको के कति दायित्वसम्म भुक्तानी गर्नुपर्छ भन्ने सम्बन्धमा विचार गर्दा तमसुक र बैंकमा बुझाएको रकममा अन्तर देखिँदा वादीले बैंकमा वास्तविक रकम रू.१९,५०,०००।- मात्र बुझाएको देखिएकाले काल्पनिक कुराको आधारमा गरेको मागदाबी ठहर गर्न नमिल्ने हुँदा प्रतिवादीबाट वादीलाई रू.१९,५०,०००।– साँवा र भरिभराउ हुँदाको मितिसम्म सोको सयकडा १० ले हुन आउने रकम

ब्याजबापत भराई दिने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजले मिति २०६८।८।२५ गते गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । लिखतमा उल्लिखित साँवा रकम र ब्याज भराई पाउँ भन्ने पुनरावेदक वादीको र वादीलाई कुनै रकम तिर्न बुझाउन पर्ने होइन भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गजेन्द्रबहादुर सिंह

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल भदौ १४ गते रोज २ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०३३२, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. शर्मीला मैनालीसमेत*

प्रतिवादीहरूले वैदेशिक रोजगारीका लागि Housekeeping र Caregiver को तालिम दिने तथा सोअनुसार विदेशमा job placement गराउने भनि जाहेरवालाहरूसँग सम्झौता गरि लामोसमयसम्म झुलाई ठगी गरेका हुन् भनि जाहेरवालाहरूले जाहेरीमा तथा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा खुलाएको भए पनि न्यायाधिकरणमा आई बकपत्र गर्दा १३ जना जाहेरवाला सबैले प्रतिवादीहरूले तालिमको लागि भनि जनही रू.५०,०००।- लिएकामा तालिमसमेत दिइसकेका र वैदेशिक रोजगारीको लागि कुनै रकम नदिए नलिएको एवम् ठगीसमेत नगरेका हुँदा प्रतिवादीहरूले सफाइ पाउनु पर्ने भनि जाहेरी व्यहोरालाई खण्डन गरि बकपत्र गरिदिएको पाइन्छ । HELP NEPAL संस्था, Regal Training Institute र Regal Overseas Manpower Agency बिचको संयुक्त लगानीमा CIAO Nepal नामको project स्थापना गरिएको र CIAO NEPAL ले जाहेरवालीहरूसँग service agreement गरि जाहेरवालाहरूले प्रतिवादीहरूलाई Housekeeping र Caregiver तालिमको लागि जनही रू.५०,०००।- का दरले रकम दिए लिएको भन्नेमा मुख मिलेको र प्रतिवादीहरूले जाहेरवालाहरूलाई agreement अनुसारको तालिमसमेत दिइसकेको भन्ने देखिन आयो । प्रतिवादीहरू कसुरदार होइनन् भनि जाहेरवालाहरूले अदालतमा स्वयम् उपस्थित भई लेखाई दिइरहेको अवस्था तथा सोही जाहेरीको आधारमा उठान भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरूले जाहेरवालाहरूलाई वैदेशिक रोजगारीका लागि पठाइदिने भनि रकम ठगी गरेका हुन् भनि लिएको अभियोग दाबीलाई पुष्टि गर्ने कुनै अन्य शङ्कारहित स्वतन्त्र र तथ्ययुक्त सबुद प्रमाण वादीपक्षबाट पेस हुन सकेको पाइएन । यसरी अभियोग दाबीलाई अन्य कुनै स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा शङ्का र अनुमानको आधारमा मात्र कुनै व्यक्तिलाई कसुरदार ठहर गरि सजाय गर्नु फौजदारी न्यायको मान्य सिद्धान्त तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूसमेतको विपरीत हुन जाने हुँदा प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादीहरूलाई सफाइ दिने गरि भएको वैदेशिक रोजगार न्यायाधीकरणको मिति २०६९।४।२३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल पुस २३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-०६९०, उत्प्रेषण/परमादेश, *गोखुल महतो नुनियासमेत वि. जिल्ला प्रहरी कार्यालय, बारासमेत*

पुनरावेदकले जिकिर लिएको मुलुकी ऐन, अ.बं. ८९ नं. को व्यवस्था व्यक्तिवादी देवानी विषयसँग सम्बन्धित रहेको पाइन्छ । सरकारी छाप दस्तखत किर्ते मुद्दा सरकारवादी हुने फौजदारी मुद्दा भई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ भित्र पर्ने मुद्दा भएको र यी पुनरावेदकउपर बारा जिल्ला अदालतमा विचाराधीन रहेका वादी भुखल महतो र प्रतिवादी यी पुनरावेदकहरू भएको किर्ते जालसाजी, जालसाजी तथा दा.खा. निर्णय दर्ता बदरसमेतका मुद्दाहरू सोही जग्गाको सम्बन्धमा परेका भए पनि दुनियाँवादी प्रकृतिका मुद्दा रहेकामा विवाद देखिएन । *"... एक वा बढी कानून अन्तर्गतको कसुर हुन्छ भने त्यस्तो कसुरमा एक वा सोभन्दा बढी मुद्दा चल्न सक्छ"* भनि किशोर श्रेष्ठ विरूद्ध जिल्ला प्रशासन कार्यालय, हनुमानढोकासमेतको मुद्दा (२०५९ सालको रिट नं. २८४५ आदेश मिति २०६०।२।१४) मा प्रतिपादित सिद्धान्त प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित हुने देखियो । पुनरावेदकले पुनरावेदनपत्रमा एकै विषयमा दुई छुट्टाछुट्टै मुद्दा परेको भनि उठाएको भए पनि एउटै जग्गाको सम्बन्धमा परेका मुद्दा भए पनि सरकारवादी फौजदारी मुद्दा र दुनियाँवादी फौजदारी/देवानी मुद्दालाई एउटै प्रकृति र एउटै विवाद मान्न नमिल्ने ।

कानूनी राज्यमा Due process of law को पालना गर्नु प्रत्येक व्यक्ति तथा निकायको दायित्व हो । कानूनको अधीनमा रही अदालतमा प्रवेश गरेको मुद्दामा माथिल्लो अदालतबाट हस्तक्षेप गर्दै जाने हो भने कानूनको शासनकै उपहास हुन जान्छ । अधिकारप्राप्त न्यायिक निकाय समक्ष साधारण क्षेत्राधिकारअन्तर्गत दायर भई विचाराधीन रहेको विषयमा हस्तक्षेप गरि त्यस्तो मुद्दाको कारवाही स्थगित गर्नू वा जारी भएको म्याद सूचना जारी नगर्नू, त्यसमा कुनै कारवाही नगर्नु भनि रिट क्षेत्रबाट प्रवेश गरि हस्तक्षेप गर्नु कानूनको मान्य सिद्धान्तसमेतको विपरीत हुन जाने ।

कानूनले निर्दिष्ट प्रक्रिया अवलम्बन गरि अदालतसमक्ष प्रतिरक्षा गर्नु पर्नेमा due process of law लाई छलेर निवेदकहरू प्रस्तुत निवेदन गर्न आएको देखिँदा कानूनको व्यवस्था र कार्य विधिलाई निस्तेज पार्ने गरि वा सुरू अदालतसमक्ष विचाराधीन मुद्दाको तथ्यमा प्रवेश गरि वा सुरू अदालतको न्यायिक क्षेत्राधिकारमा हस्तक्षेप हुने गरि निवेदन मागबमोजिम उत्प्रेषण एवम् परमादेशको आदेश जारी गर्न नमिल्ने हुँदा निवेदन खारेज हुने ठहर गरि भएको सुरू पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।२।३१ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७२ साल पुस २३ रोज ५ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०७१-WS-००४५, उत्प्रेषण/परमादेश, *महासागर अर्यालसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकहरूको माग दाबीमा निजामती सेवा ऐन, २०४९ को संशोधित दफा २४घ१क. को प्रावधानले एउटै समयमा एउटै पदमा कार्य गर्दै आएका समान कर्मचारीहरूको बिचमा भौगोलिक क्षेत्रमा कार्यसम्पादन गरेको आधारमा मात्र बढुवा गर्नु पर्नेमा फरक फरक समयमा नियुक्ति भएकालाई समेत एकै

ठाउँमा राखि अर्थात् जुनसुकै अवधिमा नियुक्त कनिष्ठ कर्मचारीले यदि भौगोलिक क्षेत्रमा बढी समय बसी कार्यसम्पादन गरेको छ भने सो व्यक्ति बढुवा हुने भनि अपव्याख्या गरेर ज्येष्ठ कर्मचारीलाई अन्याय हुने गरि राखिएको बढुवासम्बन्धी उल्लिखित तेस्रो संशोधनको कानूनी व्यवस्था अस्पष्ट र अन्यायपूर्ण भएकाले उक्त कानूनी प्रावधान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र १८ ले प्रदान गरेको मौलिक हकविपरीत भएकाले बदर गरिनुपर्छ भन्ने देखिने।

संशोधित दफा २४घ१क मा रहेको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवासम्बन्धी व्यवस्थामा कहीँ कतै पनि ज्येष्ठताले बढुवा नपाई कनिष्ठले बढुवा पाउने भन्ने व्यवस्था रहेको देखिँदैन । निवेदकहरूले संशोधन गरेर ल्याइएको भनेको दफा २४घ१क को पूरै व्यवस्थालाई बदर गर्न माग गरेको हो वा सो दफाअन्तर्गतको कुनै उपदफा वा कुनै उपदफाअन्तर्गतको कुनै उपखण्ड वा प्रतिबन्धात्मक वाक्यांशमध्ये कुन चाहिँ कानूनी व्यवस्था बदर गर्न माग गरेको हो सो कुरा निवेदनमा स्पष्टसँग माग दाबी लिई आउन सकेको देखिँदैन । संविधानसँग कानून बाझिएकाले बदर गरिपाउँ भनि माग गरि आउनेले कानूनको कुन भाग वा अंश संविधानसँग बाझिएको हो सो स्पष्टसँग देखाउन सक्नुपर्छ । निवेदकहरूले उल्लिखित दफाको कुन भाग वा अंश ज्येष्ठताको आधारमा बढुवा हुने भन्ने विधायिकी मनसायको विपरीत हुन गएको हो भन्ने कुरा स्पष्टसँग भन्न, लेख्न र देखाउन सकेको देखिँदैन । निवेदकहरूले उल्लिखित संशोधित कानूनी व्यवस्था संविधानसँग बाझिएको छ भनेर गोलमटोलरूपमा दाबी लिएर आएको देखिन्छ । त्यस्तो अस्पष्ट माग दाबीको आधारमा यस अदालतलाई संविधानले प्रदान गरेको असाधारण अधिकार क्षेत्रको प्रयोग गरि कुनै पनि कानूनको न्यायिक पुनरावलोकन हुन नसक्ने तथा निजामती सेवा ऐन, २०४९ को संशोधित कुन चाहिँ कानूनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ सँग बाझिन गएको हो भन्ने कुरा निवेदकहरूले स्पष्टसँग माग गर्न नसकेको कारणले प्रस्तुत रिट निवेदन प्रथम दृष्टिमै खारेज भागी देखिँदा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल जेठ ५ गते रोज ३ शुभम्।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**